
# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक ९४ काठमाडौं बुधबार, ११ साउन २०७९ Prabhab National Daily, Wednesday, July 27, 2022 URL www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## 'कल सेन्टर' को नाममा अवैध धन्दा

राजधानीसहित देशका विभिन्न ठाउँमा प्रहरीको छापा



■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकका विभिन्न स्थानमा 'कल सेन्टर' को नाममा अवैध धन्दा हुने गरेको पाइएको छ । भ्रमण भिसामा नेपाल आएका विभिन्न देशका नागरिकले सञ्चालन गरेका कल सेन्टरहरूबाट गैरकानुनी कार्य भइरहेको खुलेको हो ।

यस्ता कल सेन्टरहरूमा विभिन्न दलका नेता कार्यकर्तादेखि व्यवसायीसम्मको संलग्नता हुँदा अवैध धन्दा सञ्चालनमा सहयोग पुगेको पछिल्लो घटनाक्रमले पुष्टि गरेको छ । विशेषगरी काठमाडौं, पोखरालगायत मधेसका मुख्य सहरमा घरभाडामा लिई स ञ्चालनमा रहेका कल सेन्टरबाट उपभोक्ता ठगी, फिरौती असुलीदेखि जघन्य अपराधका घटनासमेत हुँदै आएको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

कल सेन्टरबाट अवैध धन्दा भइरहेको सूचनाका आधारमा प्रहरीले पछिल्लो समय छापा मारेर नियन्त्रणमा लिन थालेको छ । हालै रूपन्देहीमा प्रहरीले छापा मारेपछि कल सेन्टरको अवैध धन्दा थप खुलेको हो । कल सेन्टरको नाममा अवैध ठगीधन्दा चलाउनेहरूलाई पक्राउसमेत गरिएको छ ।

रूपन्देहीका प्रहरी प्रमुख एसपी रवीन्द्र रेग्मीले दिएको जानकारीअनुसार एक भारतीय नागरिकले चलाएको कल सेन्टरले सर्वसाधारणको ह्वाट्सएप र फेसबुकमा अश्लील म्यासेज पठाउने, ऋण दिने तथा चिट्ठा पऱ्यो भन्दै ठगी गर्दै आएको सूचना पाएपछि छापा मारेको थियो । रूपन्देहीको तिलोत्तमा नगरपालिका-२ मा 'ब्लु स्काई बिजनेस सोलुसन प्रालि' नाममा कल सेन्टर खोली ठगी गरिएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । प्रारम्भिक अनुसन्धानपछि कल सेन्टरका सञ्चालक र त्यसमा काम गर्ने अन्य नौ जनालाई हिरासतमा राखी अनुसन्धान गरिरहेको उनले बताए । भारतीय नागरिक बिहार बोधगयाका २५ वर्षीय निरञ्जनकुमारलगायत पक्राउ परेका हुन् । अवैध धन्दा सञ्चालक भारतीय नागरिक र कामदाहरूसँग गरिएको कुराकानी र प्रारम्भिक अनुसन्धानबाट सो धन्दामा नेपाली राजनीतिक नेतृत्व संलग्न भएको हुनसक्ने आशंका गरिएको छ ।

प्रहरीका अनुसार चार तलाको घरमा तीनवटा फ्ल्याट भाडामा लिएर ३०० कम्प्युटर राखी कल सेन्टर चलाउँदै आएको पाइएको छ । कल सेन्टर सञ्चालकहरूले अनलाइन ऋण दिने गरी विभिन्न गतिविधि गरेको पाइएको छ । बैंकमा खाता खोल्दा केवाइसी भराउने र ऋण दिने, ऋण प्रवाह गर्दा ४० प्रतिशत कर तथा ब्याजका नाममा काट्ने र ठगी गर्दै आएको अनुसन्धानबाट खुलेको छ । केवाइसीमार्फत व्यक्तिगत सूचना संकलन गरेपछि उसलाई रकम भुक्तानीका लागि अनेक किसिमका दबाब दिँदै आएको पाइएको (बाँकी पृष्ठ ३ मा)

पूर्वअर्थमन्त्री शर्मामाथि छानबिन

# सिसिटिभी फुटेज भेटियो, तर अस्पष्ट

■ प्रहरीको विधि विज्ञान प्रयोगशालाबाट प्राप्त 'फरेन्सिक रिपोर्ट'को अध्ययन सकेको समितिले आज प्रतिवेदन लेख्ने

■ सत्तापक्षका सदस्यहरूले प्रमाण लुकाएको एमालेका सदस्यहरूको आरोप



■ प्रभाव संवाददता

**काठमाडौं–** निवर्तमान अर्थमन्त्री जनार्दन शर्मामाथि छानबिन गर्न गठित संसदीय विशेष समितिले नेपाल प्रहरीको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त 'फरेन्सिक रिपोर्ट'को अध्ययन गरेको छ । मंगलबार बिहान बसेको समितिको बैठकमा सोमबार प्रयोगशालाले बुझाएको सिलबन्दी प्रतिवेदन खोलेर अध्ययन गरिएको थियो ।

चालु आर्थिक वर्षको बजेट निर्माणका क्रममा अनधिकृत व्यक्तिलाई संलग्न गराएको भनी पूर्वअर्थमन्त्री शर्मामाथि लागेको आरोपमाथि छानबिन गर्न गठित विशेष समितिले अर्थ मन्त्रालयले मेटाएको भनिएको सिसिटिभी फुटेज 'रिकभर' गर्न सिसिटिभीको हार्डडिस्क प्रहरीको विधि विज्ञान प्रयोगशालामा पठाएको थियो । प्रयोगशालाबाट प्राप्त 'फरेन्सिक रिपोर्ट'मा फुटेज रिकभर भएको पाइएको छ । तर, रिकभर भएको फुटेजको भिडियो अस्पष्ट हुँदा त्यसबाट निष्कर्षमा निकाल्न नसक्ने अवस्थामा समिति पुगेको छ ।

बिहानको बैठकमा रिकभर भएको भिडियो हेरेपछि थप स्पष्ट हुन समितिले दिउँसो फरेन्सिक विज्ञलाई बोलाएको थियो । विज्ञबाट थप स्पष्ट भएपछि सहमतिमै प्रतिवेदन लेख्ने निर्णयसहित बैठक टुंगिएको समितिका सचिव सचिव सुरेन्द्र अर्यालले बताए । 'अध्ययन गर्नुपर्ने फुटेज रिकभर भएको छ । फुटेजमा के-के देखियो भन्ने अब प्रतिवेदनमा आउँछ,' उनले भने ।

समितिका एक सदस्यका अनुसार रिकभर भएको भिडियोमा देखिएको अस्पष्ट दृश्यबारे फरेन्सिक विज्ञलाई प्रश्न गरिएको थियो । विज्ञले धेरै ठाउँमा सिस्टम चेक भएकोले प्राविधिक कारण यस्तो हुन गएको जवाफ दिएको ती सदस्यले बताए । उनका अनुसार भिडियो हेरेर मात्र आरोप पुष्टि गर्नसक्ने आधार देखिँदैन । यद्यपि, अन्य प्रमाणसमेत रहेकोले त्यसको आधारमा प्रतिवेदन लेखिने उनको भनाइ छ । नेकपा एमालेको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरूले भने सतापक्षले प्रमाण लुकाएको आरोप लगाएका छन् । ती सदस्यले फरेन्सिक रिपोर्टमा सरकारले चलखेल गरेको र सत्तापक्षका सदस्यहरूले प्रमाण लुकाएको आरोप लगाएका हुन् ।

समितिले आज बुधबार प्रतिवेदन लेखेर समयअवधिभित्रै प्रतिवेदन बुझाउने तयारी गरेको छ । सुरुमा १० दिनको समय पाएको समितिले काम नसकेपछि ५ साउनमा थप सात दिन म्याद थपिएको थियो । समितिको म्याद बिहीबार सकिँदै छ । प्रतिवेदन लेखनमा बस्नुअघि आ-आफ्ना दलका शीर्ष नेतासँग छलफल गर्ने सहमतिसमेत समितिमा भएको एक सदस्यले बताए । 'सहमतिमै प्रतिवेदन लेख्ने निर्णय भएको छ,' ती सदस्यले भने, 'तर, निष्कर्ष दिँदा सत्तापक्ष र प्रतिपक्षका सदस्यहरूबीच मत बाझिने निश्चित देखिन्छ ।'

चालु आर्थिक वर्ष २०७९/८० को बजेट निर्माणका क्रममा निवर्तमान अर्थमन्त्री शर्माले अनधिकृत व्यक्तिलाई प्रवेश गराएर करका दर हेरफेर गराएको आरोप लागेपछि असार २२ गते संसदीय विशेष छानबिन समिति बनेको थियो । समितिले अध्ययनका लागि अर्थ मन्त्रालयसँग बजेट भाषणको अघिल्लो दिन रातिको सिसिटिभी फुटेज मागेको थियो । तर, अर्थले उक्त सिसिटिभी उपलब्ध गराउन सकेन । यसअघि उपभोक्ता हित संरक्षण मञ्चलले सूचनाको हक प्रयोग गरी सिसिटिभी फुटेज माग गर्दा मन्त्रालयले १३ दिनको मात्र स्टोर गर्नसक्ने क्षमता रहेको जनाउँदै उक्त दिनको फुटेज 'डिलिट' भइसकेको जानकारी दिएको थियो ।

छानबिन समितिले फुटेज नभेटेपछि अर्थसँग सिसिटिभीको हार्ड डिस्क नै मगाएर 'रिकभरी'का लागि प्रहरीको विधि विज्ञान प्रयोगशालामा पठाएको थियो । समितिले अर्थ मन्त्रालयको फुटेज नभेटेपछि सिंहदरबार गेटको सिसिटिभीसमेत अध्ययन गर्ने निर्णय गरेको थियो । गृह मन्त्रालयसँग सिंहदरबार गेटको फुटेज समितिले माग गरेकोमा गृहले मंगलबार उक्त फुटेज उपलब्ध गराएको छ । यसअघि समितिले पूर्वअर्थमन्त्री शर्मासहित सरोकारवाला सबैसँग बयान लिइसकेको छ । तर, त्यसबाट शर्मामाथि लागेको आरोपको प्रमाण फेला पार्न नसकेपछि सिसिटिभी फुटेज अध्ययन गरेर निष्कर्ष निकाल्ने निर्णयमा समिति पुगेको थियो ।

समिति बनेकै दिन प्रतिनिधिसभा बैठकमा राजीनामा दिएका शर्माले भने आफूमाथि लागेको आरोपमा सत्यता (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## विदेशमा रहेका श्रमिकको हितमा अभियान चलाउँदै जिफन्ट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरूको हितका लागि विशेष अभियान सञ्चालन गर्ने भएको छ । नेपाली कामदारहरूको हकमा विदेशमा अन्याय हुन नदिन 'सीमापारीको समस्या : संगठन र सफलता' भन्ने नाराका साथ कार्यक्रम सञ्चालन गर्ने भएको हो ।

जिफन्टको चार वर्षे अभियानले वैदेशिक रोजगारीमा गएका नेपालीहरूको आर्थिक, सामाजिक सुरक्षाका साथै ट्रेड युनियन आन्दोलनमा सक्रिय सहभागिता गराउन भूमिका खेल्ने अध्यक्ष विनोद श्रेष्ठले बताए । जिफन्टको आठौं राष्ट्रिय महाधिवेसनपछि राजधानीमा भएको एक कार्यक्रममा श्रेष्ठले वैदेशिक रोजगारीमा रहेका, सबै प्रकृतिको ज्याला रोजगारी र स्वरोजगारीमा रहेका गरी २० लाख श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने अभियानमा जिफन्ट लागेको बताए ।

जिफन्टले आगामी चार वर्षभित्रमा २० लाख श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने लक्ष्यसहित बृहत् अभियान सञ्चालन गर्ने घोषणा गरेको छ । महाधिवेसनले पारित गरेको आगामी चार वर्षको कार्यक्रम प्रस्तुत गर्दै नवनिर्वाचित अध्यक्ष श्रेष्ठले स्वास्थ्य बिमाको प्रचार गर्ने, उपचारमा सहयोग गर्ने र प्रिमियम संकलनमा हस्तक्षेप गर्ने योजना पनि बनाएको जानकारी दिए । स्वदेश होस् वा विदेश, अन्यायपूर्ण तरिकाले श्रम शोषण भएको पाइएमा सम्बन्धित निकायसँगको समन्वयमा आवश्यक पहलकदमी लिने श्रेष्ठले प्रतिबद्धता व्यक्त गरे ।

जिफन्टले स्वदेशमै विभिन्न कलेजका विद्यार्थीलाई होटल, चेन रेस्टुराँ र मार्टहरूमा तालिम (इन्टर्न)का नाममा शुल्क लिएर इन्टर्नसिप गराउने गरेको पाइएको भन्दै यो अन्यायपूर्ण काम भएकाले 'तालिमेलाई तलब' नामको अभियान सञ्चालन गर्ने जनाएको छ । ज्याला रोजगारीलाई मर्यादित बनाउने, श्रम अडिट कार्यान्वयन गर्न दबाब सिर्जना गर्नेलगायत अभियान पनि सञ्चालन गर्ने जिफन्टले जनाएको छ । यसैगरी पालिका तहमा श्रमिक पञ्जीकरणका लागि पनि तीव्रता दिने कार्यक्रम जिफन्टले पारित गरेको छ । युवा र महिलालाई ट्रेड युनियन आन्दोलनमा जोड्न पनि अभियान नै सञ्चालन गरिने भएको छ ।

जिफन्टको काठमाडौंमा तीन दिनसम्म चलेको महाधिवेसनले श्रेष्ठलाई पुनः अध्यक्षमा चयन गरी नयाँ राष्ट्रिय कमिटी बनेको छ । अधिवेशनले उपाध्यक्षहरूमा विदुर कार्की, जनक चौधरी, जितेन्द्र श्रेष्ठ, कमल गौतम, मञ्जुकुमारी थापा मगर र सीता लामालाई चयन गरेको छ । महासचिवमा लक्ष्मण शर्मा चयन भएका छन् । उपमहासचिवमा नरनाथ लुइँटेल र पदेन उपमहासचिवमा कमला तामाङ, सचिवहरूमा हरिबहादुर कार्की, कृष्णबहादुर केसी, स्मृति लामा, महेन्द्रलाल श्रेष्ठ, बेलीमाया घले, तारानीधि पन्त र पदेन सचिवमा विजया खड्का चयन भएका छन् । यही साउन ७ देखि १० गतेसम्म आयोजना भएको महाधिवेसनमा देशभरका झण्डै ५०० प्रतिनिधि सहभागी भएको जिफन्टले जनाएको छ ।

## वैदेशिक रोजगार छात्रवृत्तिका लागि आवेदन माग




■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डको सचिवालयले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई करार अवधिभित्र मृत्यु, पूर्णरूपमा अशक्त वा गम्भीर बिरामी भएका कामदारका बलबालिकालाई छात्रवृत्ति दिने उद्देश्यले आवेदन माग गरेको छ । बोर्डको सचिवालयले सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि सोमबार एक सूचना जारी गरी बालबालिका अध्ययनरत शैक्षिक संस्थामा २०७९ असोज मसान्तभित्र निवेदन दिन भनेको छ ।

शैक्षिक सत्र २०७९ का लागि बोर्ड सचिवालयले वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ को अनुसूचीबमोजिम विद्यार्थीले निवेदन पेस गर्नुपर्ने जनाएको छ । निवेदनका साथ कामदारले लिएको श्रम स्वीकृतिको निस्साको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, मृत्यु भएका कामदारको हकमा मृत्यु दर्ताको प्रतिलिपि, बोर्डबाट आर्थिक सहायता लिएको प्रमाणित हुने राहदानीको प्रतिलिपि, अशक्त भएका कामदारको पूर्णरूपमा अशक्त भएको खुल्ने कागजात, नाता प्रमाणको प्रतिलिपि, विद्यार्थीको जन्मदर्ता प्रतिलिपि र सम्बन्धित स्थानीय तहको सिफारिस अनिवार्य पेस गर्नु पर्नेछ ।

छात्रवृत्ति प्राप्त गर्नका लागि श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई मृत्यु, अंगभंग वा गम्भीर बिरामी भई बोर्डबाट सतप्रतिशत आर्थिक सहायता लिएका कामदारको छोराछोरी हुनु पर्नेछ । त्यस्तै सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तरमा १८ वर्षमुनिका बालबालिकाहरू मात्रै छात्रवृत्तिका लागि योग्य हुने छन् ।

वार्षिकरूपमा आधारभूत तहका लागि आठ हजार रूपैयाँ र माध्यामिक तहका लागि १२ हजार रूपैयाँको छात्रवृत्ति सीमा रहेको छ । एक विद्यार्थीलाई एउटा कक्षामा एक पटकका लागि मात्र वार्षिकरूपमा एकमुष्ट वैदेशिक रोजगार छात्रवृत्ति उपलब्ध गराइने बोर्डले जनाएको छ । यसका लागि बोर्डले शिक्षा मानव विकास स्रोत केन्द्र वा सोझै विद्यालयमार्फत विद्यार्थीलाई छात्रवृत्ति रकम उपलब्ध गराउनेछ ।






**सर्वेक्षण गर्दै** | भक्तपुर नगरपालिका–९ को 'फोहोरमैला व्यवस्थापन र सामाजिक सम्बन्ध तथा लैंगिक असमानता' विषयमा सामाजिक सर्वेक्षण गर्दै वागीश्वरी कलेजमा अध्ययनरत स्नातक तहका विद्यार्थी । *तस्बिरः लक्ष्मी गारु/रासस*

# मंकीपक्सको जोखिमबारे सरकारको ध्यानाकर्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेका सचिव योगेशकुमार भट्टराईले विश्वलाई आक्रान्त बनाइरहेको मंकीपक्सको जोखिम नेपालमा हुन नदिन आवश्यक पूर्वतयारी अपनाउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा महत्त्वपूर्ण सार्वजनिक महत्त्वको विषयबारे समय मागेर बोल्दै उनले मंकीपक्स जनस्तरमा सचेतना फैलाउन र सीमा नाकामा कडाइ गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन् ।

'मंकीपक्सले विकसित मुलुकलाई आक्रान्त तुल्याएको छ । नेपाल सरकारले यसबारे सार्वजनिक ढंगले सुसूचित गरेको छैन । सीमामा साइनबोर्ड, विमानस्थलमा सचेतना सन्देश राखिएको छैन,' सांसद भट्टराईले भने, 'खुला सिमाना भएकाले भारतमासमेत देखिइसकेकाले बेलैमा पूर्वतयारी र आवश्यक सतर्कता अपनाउन सरकारसमक्ष माग गर्दछु ।'



उनले काठमाडौं उपत्यकामा हैजाको जोखिम बढेको भन्दै आवश्यक सुरक्षा सतर्कता अपनाउनेबारे सरोकारवाला निकायको ध्यानाकर्षण गराए । काठमाडौं उपत्यकामा ३४ जना हैजाका बिरामी भेटिइसकेको भन्दै उनले समुदायस्तरमा हैजाको महामारीको रूप लिन नदिन उपत्यकाका सबै खानेपानी र पिउने पानीका मुहानको गुणस्तरमापन परीक्षण गरेर जनस्तरमा सचेतना फैलाउन जरुरी भएको उल्लेख गरे । सांसद भट्टराईले कोभिडको नयाँ प्रजाति देखिएकाले त्यसको नियन्त्रणबारे सदनलाई जानकारी गराउन सरकारसमक्ष माग गरे ।

# बेसहाराको उपचारका लागि प्रहरी अस्पतालसँग सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रहरी अस्पताल र मानवसेवा आश्रमबीच स्वास्थ्योपचारलगायत विषयमा सम्झौता भएको छ । सडकपेटी र सार्वजनिकस्थलमा बेवारिसे अवस्थाबाट उद्धार गरेर आश्रमको संरक्षणमा राखिएका व्यक्तिलाई अस्पतालले उपचार गर्ने सम्झौतामा उल्लेख छ ।

सम्झौतापत्रमा अस्पतालकी मेडिकल डाइरेक्टर प्रहरी अतिरिक्त महानिरीक्षक डा. आशा सिंह र आश्रमका संस्थाका संस्थापक एवं केन्द्रीय अध्यक्ष रामजी अधिकारीले हस्ताक्षर गरे । सम्झौतापश्चात् अस्पतालले विपन्न नागरिक उपचार कार्यविधि-२०७९ अन्तर्गत आश्रमको संरक्षणमा रहेका व्यक्तिलाई तीन शैयाचा उपलब्ध गराउने भएको छ । उक्त सम्झौतापछि अब बेसहारा नागरिकलेसमेत निःशुल्करूपमा उपचार प्राप्त गर्न सक्ने जनाइएको छ ।



साथै, अस्पतालमा भर्ना गर्नुपर्ने बिरामीका लागि भर्ना भइसकेपश्चात् औषधिलगायत सामग्री निःशुल्क उपलब्ध गराइने भएको छ । मेडिकल डाइरेक्टर सिंहले मानवीय सेवाको कार्यमा सहकार्य गर्न पाउँदा खुसी लागेको बताइन् । 'जीवनरक्षाका लागि कार्य गर्दै आइरहेका थियौं । यसमा थप सडकपेटी र सार्वजनिकस्थलमा बेवारिसे अवस्थामा रहेका व्यक्तिको जीवन पनि बचाउन पाउनु हाम्रा लागि पनि खुसीको कुरा हो,' उनले भनिन् ।

अस्पतालसँगको सहकार्यले यस आश्रमको काममा सहजता हुने आश्रमका अध्यक्ष रामजी अधिकारीले बताए । आश्रमले हाल सातै प्रदेशको १९ जिल्लाको २३ स्थानमा शाखा स्थापना गरी सहयोगापेक्षी सडकआश्रित व्यक्तिको उद्धार एवं संरक्षण गरिरहेको उनले बताए छ । अहिले आश्रमको संरक्षणमा करिब एक हजार ५०० आश्रित छन् ।

# ढल फुटेर जलमग्न बन्यो धोबीखोला कोरिडोर

**काठमाडौं–** काठमाडौं महानगरपालिका-५ स्थित धोबीखोला कोरिडोर एक हप्तादेखि ढल फुटेर जलमग्न भएको छ । ढल फुटेर सडक जलमग्न भएका कारण सवारी र पैदलयात्रामा समस्या भएको एक हप्तामा पनि यसको व्यवस्थापनमा सरोकार भएका निकायको ध्यान जान सकेको छैन ।

ढल फुटेर रुद्रमती (धोबीखोला)मा मिसिन थालेको छ । ढल जाम भएर घर-घरमा छिर्न थालेको स्थानीयवासी रमेश डंगोलले गुनासो गरे । धोबीखोला कोरिडोर बनाउनुअघि अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले ढल बिच्छ्याएको थियो ।

त्यसबेला गुणस्तरीय काम नभएकाले प्रत्येक वर्ष वर्षात्का समयमा यो सडकमा समस्या हुने गरेको स्थानीयवासीको भनाइ छ । वडाध्यक्ष वीरेन्द्र प्रजापति कालोपुलसम्म ढल जाम हुँदा यस क्षेत्रमा समस्या भएको बताउँछन् । यस विषयमा अधिकार



सम्पन्न बागमती समितिका इञ्जिनियरलाई जानकारी गराएर स्थलगतरूपमा पनि देखाएको उनले जानकारी गराए ।

अधिकार सम्पन्न बागमतीलाई देखाएको एक हप्ता पूरा भए पनि समस्या समाधानका लागि कुनै पहल भने भएको छैन । अधिकार सम्पन्न बागमतीले दुई दिनसम्म प्राविधिकलाई समस्या समाधानका लागि खटाएको जनाएको छ । समितिका सूचना अधिकारी कमल अर्याल त्यस क्षेत्रमा भूमिगत गरिएको विद्युत्को लाइनका कारण पनि ढल व्यवस्थापनमा समस्या भएको बताउँछन् ।

वर्षात्मा खोलामा पस्न नसकिने र ढलमा बालुवा भरिएकाले पनि पानी बाहिर आएको उनले सुनाए । *रासस*

# राष्ट्रपतिबाट राजदूत नियुक्त

**काठमाडौं (प्रस)–** राष्ट्रपति विद्यादेवी भण्डारीले विभिन्न मुलुकका लागि नेपाली राजदूत नियुक्त गरेकी छन् । उनले नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राजदूत नियुक्त गरेकी हुन् ।

राष्ट्रपति भण्डारीले स्पेनका लागि नेपालको आवासीय राजदूतमा शर्मिला पराजुली (ढकाल), रूसी महासंघका लागि नेपालको आवासीय राजदूतमा मिलनराज तुलाधार, डेनमार्कका लागि नेपालको आवासीय राजदूत पदमा प्राडा राम स्वार्थ राय र गणतन्त्र भारतका लागि नेपालको आवासीय राजदूत डा. शंकरप्रसाद शर्मालाई भूटानका लागिसमेत गैरआवासीय नेपाली राजदूत पदमा नियुक्त गरेको राष्ट्रपति कार्यालयद्वारा मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ साउन ११ गते बुधबार (तिथिः चतुर्दशी, नक्षत्रः पुनवर्सु, कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | जीवनसाथीसँगको सम्बन्ध सुमधुर राख्नुहोला । |
| **वृष** | सामाजिक कार्यमा समय बित्नेछ । |
| **मिथुन** | नयाँ योजना बन्नेछ । |
| **कर्कट** | हतारमा फैसला नगर्नुहोला । |
| **सिंह** | भ्रमणका लागि राम्रो समय छ । |
| **कन्या** | धेरै व्यस्तता रहनेछ । |
| **तुला** | सन्तुलित आहार लिनुहोला । |
| **वृश्चिक** | सबै कार्यमा धैर्य राख्नुहोला । |
| **धनु** | स्वास्थ्यमा सामान्य खराबी हुने योग छ । |
| **मकर** | बाधाले गर्दा अशान्ति उत्पन्न हुनेछ । |
| **कुम्भ** | अनावश्यक विवादको योग छ । |
| **मीन** | विस्तारै प्रगति हुँदै जानेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| हृयाम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन ११ गते, २०७९, २७ जुलाई २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# एक्लै हिँड्छु भन्ने मनोविज्ञान त्याग्नूस् : मन्त्री चौधरी

■ प्रभाव संवाददाता



**काठमाडौं–** सहरी विकासमन्त्री मेटमणि चौधरीले एक्लै हिँड्छु भन्ने नसोच्न नवनिर्वाचित मेयर/उपमेयरहरूलाई सचेत गराएका छन् ।

नगर विकास कोषको २०३औं बैठकलाई सम्बोधन गर्दै मन्त्री चौधरीले भने, 'खासगरी २०७० पछिको मनोविज्ञान सहकार्यको छ । विकासका काममा कांग्रेस र कम्युनिस्ट नभनी काम गर्नुपर्ने अवस्था छ । तपाईंहरू जुन दलबाट निर्वाचित भएपनि म एक्लै हिँड्छु भन्ने लाग्या छ भने त्यो मनोविज्ञान त्याग्नूस् ।'

मन्त्रिपरिषद्को २०७९ असार ३१ को निर्णयअनुसार नगर विकास ऐन ५३ बमोजिम सञ्चालक समितिको सदस्यमा नियुक्त भएका सात प्रदेशका मेयर उपमेयर गरी सातै जनाको स्वागत तथा सपथ ग्रहण कार्यक्रममा मन्त्री चौधरीले निर्देशन दिँदै भने, 'एक्सन प्लान बनाएर काम गर्नूस् । प्रदेशकै प्रतिनिधित्व हुने गरि नगर विकासका योजनाहरू बनाउनुस् । विज्ञहरूको सल्लाहमा काम गर्नूस् ।'

बहुपार्टी संस्कारलाई अँगाल्नुपर्ने बताएका मन्त्री चौधरीले सबैलाई मिलाउँदा मात्र नेता बन्न सकिने धारणा समेत राखेका थिए । कोषका अध्यक्ष एवं सहरी विकास मन्त्रालयका सचिव डा. रमेशप्रसाद सिंहको अध्यक्षतामा सञ्चालित कार्यक्रममा प्रदेश १ बाट सूर्योदय गरपालिका प्रमुख रनबहादुर राई, मधेस प्रदेशबाट बोधिमाई नगरपालिका प्रमुख प्रदिपकुमार यादव, बागमती प्रदेशको हेटौँडा उपमहानगरपालिका प्रमुख मिना कुमारी लामा, गण्डकी प्रदेश अन्तर्गत पोखरा महानगरपालिकाबाट मेयर धनराज आचार्य, लुम्बिनी प्रदेशबाट लमही नगरपालिका प्रमुख जोगराज चौधरी, कर्णाली प्रदेशबाट आठविसकोट नगरपालिका उपप्रमुख धनकुमारी शाही र सुदूरपश्चिम प्रदेश अन्तर्गत लम्कीचुहा नगरपालिकाका प्रमुख सुशिला शाही र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सञ्चालक समितिमा आएका सहसचिव प्रभुराम विष्टलाई कोषका अध्यक्ष सिंहले स्वागत एवं सपथ गराएका थिए ।

कार्यक्रममा नगर विकास कोषका कार्यकारी निर्देशक कृष्णप्रसाद सापकोटाले कोषको कार्यक्षेत्र, सञ्चालन गरेका विकासका योजनाहरू, ऐन, नियम र समस्याबारे जानकारी गराएका थिए । कार्यक्रममा मन्त्रीका सचिवालय प्रमुख भूमाण्डप केसी र मन्त्रालयका अन्य कर्मचारीसमेतको उपस्थिति थियो ।नगर विकास कोषमा १६ जनाको सञ्चालक समिति रहने व्यवस्था रहेको छ ।

## सिसिटिभी फुटेज...

पृष्ठ १ बाट जारी

नभएको दाबी गर्दै आएका छन् । समितिमा बयानका क्रममा पनि उनले आफूले कुनै पनि अनधिकृत व्यक्तिलाई बजेट निर्माणमा सहभागी नगराएको दाबी गरेका थिए । उनले सिसिटिभी फुटेजबारे अनभिज्ञता प्रकट गर्दै यो प्राविधिक विषय भएकाले फुटेज कहिलेसम्म स्टोर हुन्छ, कहिलेसम्मको दृश्य राख्न मिल्छ भन्ने विषय आफूलाई थाहा नहुने जवाफ समितिलाई दिएका थिए ।

त्यसो त समितिमा सत्तापक्षकै बहुमत रहेकोले शर्मालाई निर्दोष ठहर गर्नसक्ने आशंकासमेत गरिएको छ । ११ सदस्यीय समितिमा एमालेका चार जना सांसद छन् । लोसपाले पनि एमालेलेलाई नै साथ दिएको खण्डमा समेत यो संख्या पाँच मात्र पुग्छ । अर्थात् बहुमत सत्तापक्षसँगै हुने देखिन्छ । समितिमा नेपाली कांग्रेसका दुई, नेकपा माओवादी केन्द्रका दुई, एकीकृत समाजवादीका एक र जसपाका एक सांसद छन् ।

एमालेबाट प्रदीप ज्ञवाली, खगराज अधिकारी, भानुभक्त ढकाल र विमला विक सदस्य छन् । नेपाली कांग्रेसबाट मानबहादुर विक र सीताराम महतो, माओवादी केन्द्रबाट देव गुरुङ र शक्ति बस्नेत, एकीकृत समाजवादीबाट सरलाकुमारी यादव र जसपाबाट सुरेन्द्र यादव सदस्य छन् । लोसपाबाट लक्ष्मणलाल कर्ण समितिमा छन् । उनी समिति सभापतिसमेत हुन् ।

## 'कल सेन्टर'...

पृष्ठ १ बाट जारी

छ । चिनियाँ र भारतीय नागरिकको लगानीमा सञ्चालित कल सेन्टरबाट २४० थान मोबाइल, सयौं थान कम्प्युटरलगायत विभिन्न सामग्री प्रहरीले बरामद गरको छ ।

प्रहरीले सोमबार काठमाडौंको तीनकुने र गैरीगाउँका तीन कल सेन्टरमा पनि छापा मारेको छ । ती कल सेन्टरहरूबाट २० जनाभन्दा बढीलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । प्रहरीले काठमाडौं उपत्यका विभिन्न ठाउँमा छापा मारिरहेको छ । अनलाइनमार्फत नेपालमा मात्रै नभई विदेशमासमेत उक्त गिरोहले ठगी गर्दै आएको पाइएको छ ।

नेपालमै बसेर प्रविधिको प्रयोग गरी अनधिकृतरूपमा व्यक्तिगत विवरणमा पहुँच पुऱ्याएर विदेशी नागरिकलाई समेत ठगी गर्ने काममा त्यस्ता कल सेन्टरहरू सक्रिय रहेको भेटिएको छ । कल सेन्टरको कार्यालयमा विभिन्न विभाग वर्गीकरण गरी कर्मचारीहरू खटाएर ठगीधन्दा गरिँदै आएको प्रहरीको अनुसन्धानबाट खुलेको छ । ती विभागका कर्मचारीहरूले समान्य कुराकानीदेखि ब्ल्याकमेलसमेत गर्दै ठगीधन्दालाई निरन्तरता दिँदै आएको भेटिएको छ ।

काठमाडौंकै धुम्बाराहीस्थित अर्बिट नेक्सस प्रालि कल सेन्टरबाट पनि यस्तो अवैध धन्दामा संलग्न १३ जना पक्राउ परेका थिए । उनीहरूले विशेषगरी अमेरिकी नागरिकलाई निशाना बनाएर ठगी गर्दै आएका थिए । यसअघि २०७६ पुसमा गैरकानुनी गतिविधि गरेको आरोपमा १२२ जना चिनियाँ नागरिक पक्राउ परेका थिए । उनीहरू पनि अनधिकृतरूपमा कल सेन्टर सञ्चालन र नेपालमा बसेर चिनियाँ नेटवर्किङ व्यवसाय चलाएपछि पक्राउ गरिएको थियो ।

सानोठिमीस्थित सनसिटी अपार्टमेन्टको १२०६ नम्बर कोठामा बस्दै आएका २९ वर्षीय चिनियाँ नागरिक वाङजिनावसहित सो कार्यमा संलग्न ८० जनालाई प्रहरीले अवैध कल सेन्टर चलाउँदै ठगी गरेको आरोपमा पक्राउ गरेको थियो । निश्चित ब्याजसहित तोकिएको समयभित्र उठाउन ऋणीहरूलाई सम्पर्कमा ल्याउने, ऋण नतिरे थर्काउने, गालीगलौज गर्ने, धम्क्याउने, अपहरण गर्नेदेखि हत्यासमेत गर्ने भन्दै धम्काउने कार्य गर्दै आएको आरोपसमेत उनीहरूमाथि लागेको छ ।

यसरी कल सेन्टर चलाउँदै आएकाहरूमाथि कडाइका साथ कारबाही नहुँदा अवैध धन्दा नरोकिएको सरोकारवाला बताउँछन् । कतिपय राजनीतिक दलका नेता तथा व्यवसायीहरूको संरक्षण पाउँदासमेत यस्ता गतिविधि नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको उनीहरूको भनाइ छ ।

## संक्षिप्त

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं (प्रस)–** बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१३ बाफल बस्ने कास्की पोखरा महानगरपालिका-१७ घर भएकी ४२ वर्षीया निशा गुरुङ्लाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

उच्च अदालत पाटनको २०७९ बैशाख १३ गतेको फैसलाले ५ दिन कैद र २३ लाख १४ हजार २५० रूपैयाँ जरिवाना ठहर भई फरार रहेकी उनलाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले टोखा नगरपालिका-६ टोखाबाट पक्राउ गरेको हो ।

गुरुङले कुमारी वैंक लिमिटेड दरबारमार्ग शाखा कार्यालय काठमाडौंमा रहेको आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी झुक्यानमा पारी पीडितलाई रकम भुक्तान हुने भनी दिएको चेकको रकम भुक्तान हुन नसकेको घटनामा अदालतले उक्त फैसला गरेको थियो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेस गरिएको छ ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं (प्रस)–** कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी काठमाडौं बुढानिलकण्ठ बस्ने भोजपुर खार्ताम्छाकी ४३ वर्षीया गिता गुरुङलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला अदालत चितवनको २०७७ माघ १२ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा जन्म कैद सजाय ठहर भई फरार रहेकी उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं महाराजगंजबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेस गरिएको छ ।

### अटो मेकानिक्स तालिम सञ्चालन

**काठमाडौं (प्रस)–** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको तत्वावधानमा आठौं समूहको अटो मेकानिक्स तालिम सञ्चालन भएको छ ।

उक्त तालिमको सोही महाशाखाका प्रहरी नायव उपरीक्षक ई.कमलेन्द्रलाल कर्णले महाशाखामा मंगलबार आयोजित कार्यक्रमबीच उद्घाटन गरे । सो अवसरमा प्रहरी नायव उपरीक्षक कर्णले समय सापेक्ष दक्ष मेकानिक्स उत्पादन गर्नु तालिमको उद्देश्य रहेको उल्लेख गर्दै प्रशिक्षार्थीहरूले बढी भन्दा बढी ज्ञान हासिल गर्न आग्रह गरे ।

कार्यक्रममा प्रहरी निरीक्षक अनुप क्षेष्ठले तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै जम्मा १ सय २० दिन कार्य अवधिको उक्त तालिममा २५ जना प्राविधिक प्रहरी जवानहरूको सहभागिता रहेको जानकारी दिए ।

### जबरजस्ती करणीको अभियोगमा पक्राउ

**झापा (प्रस)–** १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा हल्दिवारी गाउँपालिका-२ बस्ने ३० वर्षीय इन्द्रजित मण्डललाई सोमबार प्रहरीले पक्राउ गरेको छ । मण्डलले ती बालिकालाई ललाई फकाई पटकपटक जबरजस्ती करणी गरेको र पीडितको स्वास्थ्य परीक्षण गराउँदा गर्भसमेत रहेको भन्ने जाहेरी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।


Nepal Army

**Western command Hospital Nepalgunj**

**Invitation for Online Bid**

(Date of Publication: 2022 July 27)

1. Western Command Hospital Nepalgunj invites online bid for the following cleaning works. The name and identification of the contracts are as follows.

| Name of Procurement | Contract Identification No. | Last date of Bid Submission | Bid opening Date and Time | Document Fee | Bid security |
|---|---|---|---|---|---|
| Cleaning Service Contract | NA/NHN-079/80/3 | 2022 July 27 at 12:00 2079.04.11th | 2022 Aug 28 at 13:00 2079.05.12th | Rs.3,000.00 | Rs.1,00,000.00 (Valid for 90 Days) |

2. Interested and eligible bidders may obtain further information & inspect the bidding documents at **www.bolpatra.gov.np/egp**. For more details, please contact in 081-565312.



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAKERY OVEN for BREAD

पूर्व स्वीकृति मिति: २०७८/१२/२५ पून विज्ञापन स्वीकृति मिति:२०७९/०४/१० LT. No. 261142 चलानी नं. ६०१७७५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Public Baker | 2 | 0 | 1400 | ४७,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन १८ गते (3rd Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LE MIRAGE CITY WALK

पूर्व स्वीकृति मिति २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT. No.260893 चलानी नं.६०१७७२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour Services | 2 | 0 | 1800 | ६३,१३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Service Employee | 1 | 0 | 1100 | ३८,५८५ | | | | | | | |
| 3 | Waiter | 0 | 1 | 1600 | ५६,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: निःशुल्क कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015542013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraoverseas.com.np



## Free Visa! Free Ticket !! सहित कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIN EXPRESS

पुर्व स्वीकृति मिति २०७८/१०/१६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT. No. 257208 चलानी नं. ६०१७३६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ५९,६३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 1 | 0 | 1300 | ४५,६०० | | | | | | | |
| 3 | Salesman | 2 | 0 | 1700 | ५९,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन १८ गते (3rd Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 826/066/67

**AP OVERSEAS PVT. LTD**

Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4388574, 4388485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YES YEM YECH INDUSTRIAL SERVICES CO. LTD

पुर्व स्वीकृति मिति २०७९/०१/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT No.261873 चलानी नं.६०१७८४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 3 | 0 | 1000 | ३३,९८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Vehicle Driver | 1 | 0 | 1800 | ६१,१८० | | | | | | | |

कम्पनी : SAUDI TAM GENERAL CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०७८/०९/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT No.255207 चलानी नं.६०१७२०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 2 | 0 | 1000 | ३३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAR COMPANY IS A CLOSED JOINT STOCK COMPANY

पुर्व स्वीकृति मिति २०७९/०३/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT No.265913 चलानी नं.६०१८१६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 8 | 0 | 1000 | ३३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-TAMANIAH CHICKEN FOUNDATION FOR POULTRY

पुर्व स्वीकृति मिति २०७९/०३/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT No.265912 चलानी नं.६०१८१६७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Egg Collecting and Sorting Worker | 1 | 0 | 1200 | ४०,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**

Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# व्यापार घाटा न्यूनीकरणमा ध्यान देऊ

चुलिँदै गएको व्यापार घाटाले मुलुकको अर्थतन्त्रलाई धराशायी बनाउँदै लगेको छ। मुलुकमा उत्पादनमूलक उद्योगहरूको विस्तार अपेक्षाकृतरूपमा हुन नसक्दा आयातमै परनिर्भर हुनुपरेको छ। नूनदेखि सुनसम्म, सियोदेखि फलामसम्म विदेशबाटै आयात भइरहेको छ। नेपालीको भान्सामा पाक्ने अधिकांश तरकारी र खाद्यपदार्थ पनि आयातमै निर्भर छ। पेट्रोलियम पदार्थको आयात त नेपालको लागि निर्विकल्प नै छ। यद्यपि, यसको खपत कम गरी विद्युतीय सामग्री प्रयोग गर्न सरकारले अभियान चलाइरहेको छ।

सरकारले आयातलाई प्रतिस्थापन गर्न भन्दै विभिन्न योजनाहरू अघि सारे पनि प्रभावकारी देखिएको छैन। भन्सार विभागले हालै सार्वजनिक गरेको तथ्यांकमा गत आर्थिक वर्ष मुलुकको व्यापार घाटा २३ प्रतिशतले बढेको देखाएको छ। आयातको तुलनामा निर्यात न्यून हुँदा व्यापार घाटा चुलिएको हो। आयात निरन्तर बढ्दै जाँदा मुलुकको अर्थतन्त्रमा चुनौती थपिँदै गएको छ। विशेषगरी विदेशी मुद्रा सञ्चितिमा ठूलो दबाब परेको छ। विभागको प्रतिवेदनअनुसार गत आवमा मुलुकको व्यापार घाटा १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख रूपैयाँ पुगेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा २३ प्रतिशतले बढेको यो आँकडा हालसम्मकै उच्च हो। आव २०७७/७८ मा व्यापार घाटा १३ खर्ब ९८ अर्ब ७१ करोड २९ लाख रूपैयाँ बराबर थियो।

विभागका अनुसार एक वर्षको अवधिमा नेपालले २१ खर्ब २० अर्ब ४७ करोड ९३ लाख रूपैयाँ बराबरको वैदेशिक व्यापार गरेको थियो। यो अघिल्लो आर्थिक वर्षको तुलनामा २६.१५ प्रतिशतले बढी हो। अघिल्लो आर्थिक वर्ष नेपालले १६ खर्ब ८० अर्ब ९६ करोड ११ लाख रूपैयाँ बराबरको वैदेशिक व्यापार गरेको थियो।

गत आवको १२ महिनामा नेपालमा हुने आयात २४.७२ प्रतिशतले बढेको छ। उक्त अवधिमा कूल १९ खर्ब २० अर्ब ४४ करोड ८३ लाख रूपैयाँ बराबरको वस्तु तथा सेवा आयात भएको हो। विश्वका १६४ देशबाट नेपालले विभिन्न माल वस्तु आयात गरेको पाइएको छ। अर्कोतर्फ नेपालबाट हुने निर्यात ४१.७४ प्रतिशतले बढे पनि आयातको तुलनामा निकै न्यून रहेको छ। गत आवमा कूल दुई खर्ब तीन करोड नौ लाख रूपैयाँ बराबरको निर्यात भएको विभागको तथ्यांकमा उल्लेख छ।

नेपालको अन्तर्राष्ट्रिय व्यापार विश्वका कूल १७१ मुलुकसँग हुने गरेको छ। तीमध्ये १६४ मुलुकबाट नेपालले वस्तु तथा सेवा आयात गर्ने गरेको पाइएको छ। यसैगरी नेपालबाट १३१ मुलुकमा वस्तु तथा सेवा निर्यात हुन्छ। नेपालको व्यापार हुने १७१ देशमध्ये १४० देशसँगको व्यापार घाटामा रहेको भन्सार विभागको तथ्यांकमा देखिन्छ।

गत आर्थिक वर्षमा नेपालले धेरै व्यापार घाटा व्यहोरेको १० मुलुकको सूचीमा दुई छिमेकी मुलुक भारत र चीनसहित क्रमशः इण्डोनेसिया, युएई, अर्जेन्टिना, अमेरिका, अस्ट्रेलिया, युक्रेन, मलेसिया र ब्राजिल रहेका छन्। यी १० देशसँग मात्र नेपालको व्यापार घाटा १५ खर्ब ६७ अर्ब १५ करोड ४७ लाख ६६ हजार रूपैयाँ कायम भएको छ। यो उक्त आवमा भएको कूल व्यापार घाटाको ९१ प्रतिशत हो।

भारतसँगको व्यापार घाटा सबैभन्दा धेरै रहेको छ। कूल व्यापार घाटामा भारतले ओगट्ने हिस्सा करिब ६१ प्रतिशत छ। पेट्रोलियम पदार्थसहित अधिकांश वस्तु भारतबाट आयात हुने भएकोले घाटामा भारतको हिस्सा बढी हुन पुगेको हो। नेपालले सबैभन्दा धेरै आयात गर्ने वस्तुमा पेट्रोलियम पदार्थ रहेको छ, जुन भारतबाट मात्र आयात हुन्छ। यसबाहेक खाद्यसामग्री, सवारीसाधन, निर्माण सामग्रीलगायत अधिकांश माल वस्तु भारतसँगै निर्भर रहनुपर्ने बाध्यता नेपालको छ।

यसरी व्यापार घाटा बर्सेनि बढ्दै जानु ठूलो चिन्ताको विषय हो। आयात प्रतिस्थापन गरी घाटा न्यूनीकरण गर्ने नीति अब भाषण र कागजमा मात्रै होइन, व्यवहारमा कडाइका साथ लागू गर्नुपर्छ। अन्यथा मुलुकले ठूलो आर्थिक दुर्घटना बेहोर्नुपर्ने निश्चित छ। यसतर्फ सरकार र सरोकारवाला सबैको ध्यान जाओस्।

# सुस्ताएको नेपाल–भारत संयुक्त आयोग



▶▶ डा.सुमनकुमार रेग्मी

नेपाल-भारत संयुक्त आयोगको छैटौं बैठक २०७७ पुस-माघमा भारतमा बसेको थियो। आर्थिक, व्यापार, आवागमन, औद्योगिक, जलसंसाधनलगायतका विविध क्षेत्रमा पारस्परिक लाभका लागि नेपाल र भारतबीच सहकार्य एवं सहयोग बढाउने र सुदृढ गर्ने उद्देश्यले सन् १९८७ मा परराष्ट्रस्तरीय द्विपक्षीय संयुक्त आयोग गठन भएको हो। गठनको चार वर्ष सक्रिय रहेको यस आयोगको सन् १९९१ पछिका २३ वर्षमा कुनै बैठक बस्न सकेन।

सन् २०१४ मा भारतीय प्रधानमन्त्रीबाट आयोगलाई पुनः सक्रिय बनाइएको थियो। सन् २०१४ जुलाई २५ देखि २७ सम्म आयोगको तेस्रो बैठक काठमाडौंमा बसेको थियो। उक्त बैठकले नेपाल र भारतबीच सन् १९५० को शान्ति तथा मैत्री सन्धिको समीक्षा गरेको थियो। यस सन्धिलाई समयानुकूल बनाएर आवश्यक सिफारिस गर्ने जिम्मेवारी त्यतिबेला आयोगलाई तोकिएको थियो।

पछिल्लो सन्दर्भ जोड्दा नेपाल र भारतबीच २०७६ भदौमा भएको संयुक्त आयोगको पाँचौं बैठकमा दुवै देशबीच व्यापार, पारवाहन र रेलसेवासम्बन्धी सन्धि तथा सम्झौताहरू पुनरवलोकन गर्ने प्रारम्भिक निष्कर्षमा सहमति भएको थियो। दुवै देशले स्थल, हवाई र जलमार्गको कनेक्टिभिटीलाई बढाउने प्रतिबद्धता जनाएका थिए।

रक्सौलदेखि काठमाडौंसम्म विद्युतीय रेलमार्ग निर्माण गर्ने कार्यलाई अघि बढाउने, नेपालका पाँच नाकासम्म रेलमार्ग विस्तार गर्ने र कोलकाता बन्दरगाहबाट गंगा नदी हुँदै नेपालको कोशी र नारायणीसम्म मझौला खाले पानीजहाज सञ्चालन गर्ने काममा भएका प्रगतिमा दुवैपक्ष सन्तुष्ट भएका थिए।

यस्ता बैठकहरूमा जलस्रोत, पारवाहन, वाणिज्य, शिक्षा, कृषिका क्षेत्रमा भएका सम्झौतालाई पनि अगाडि बढाउने सहमति हुने गर्दछ। आयोगको बैठकमा आएका विदेशमन्त्री तथा सचिवहरूले नेपालका उच्च पदाधिकारीहरूसँग भेट गरेर जान्छन् तर एजेण्डामा भएका कुरा थाती राख्ने गरेका छन्।

नेपाल र भारतबीच खाद्यसुरक्षा तथा गुणस्तरको मापदण्डलाई समान हैसियत प्रदान गर्ने समझदारी पनि हुँदै गएको छ। भारत र नेपालको सम्झौताअनुसार अब दुवै देशले तोकिएका खाद्यान्नमा एकअर्काको गुणस्तर मापदण्डलाई मान्यता दिने छन्। यो सम्झौताले दुई देशको बीचको खाद्य व्यापारलाई सहजीकरण गर्ने भनिएको छ। एकअर्काको खाद्य गुणस्तर र प्रमाणीकरणलाई मान्यता दिने सम्झौता नहुँदा यसअघि नेपालबाट भारत लगिएका र भारतबाट नेपाल आएका खाद्यसामग्री बन्दरगाह र भन्सार चेक पोस्टमा लामो समयसम्म रोकिने गरेका थिए। त्यसले गर्दा छिटो खपत गर्नुपर्ने तरकारी, फलफूललगायत वस्तुका व्यवसायीले बढी मार खेप्नुपर्ने अवस्था रहँदै आएको थियो।

केही अगाडि नेपालले भारतको तरकारी तथा फलफूलमा विषादी भएको भन्दै भन्सारमा रोक लगाएको थियो। भारतले भने आफ्नै देशमा गुणस्तर जाँच भएर आएका हुनाले रोक लगाउन नपाइने भन्दै त्यसको विरोध गरेको थियो। अब यो सम्झौताले भारतमा प्रमाणित भएर आएका सामग्रीलाई नेपालले यही प्रमाणित भएसरह मान्यता दिनुपर्ने देखिन्छ। तर, यसो भन्दैमा नेपालले शंका लागेका सामग्रीका परीक्षण गर्न नपाउने भन्ने भने होइन। यस्तो सम्झौता भएता पनि दुवै देशले एकअर्काको गुणस्तर प्रमाणित खाद्यवस्तुका 'क्रस भेरिफिकेसन' जाँच गर्न भने सक्दछन्।

नेपाल-भारत संयुक्त आयोगको पाँचौं बैठक २०७६ भदौ ४ मा काठमाडौंमा भएको कुरा यहाँ पुनःस्मरण गराउन चाहन्छु। संयुक्त बैठकले सन् १९५० को मैत्रीपूर्ण सन्धि पुनरवलोकन तथा नेपाल-भारत प्रबुद्ध समूह (इपिजी)को प्रतिवेदन स्वीकार गर्ने सन्दर्भमा विचार आदानप्रदान गरिएपछि यससँग जोडिएका अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा उपक्षेत्रीय विषयवस्तुमा कुराकानी भएको बताइएको छ। नेपालले इपिजीको प्रतिवेदन कार्यान्वयन गर्न अनुरोध गरिएको र भारतले पनि सकारात्मक रूप लिँदै आएको बुझिन्छ।

संयुक्त आयोगको चौथो बैठक सन् २०१६ अक्टोबर २६ र २७ मा दिल्लीमा भएको थियो। चौथोदेखि छैटौं बैठकसम्म निरन्तरता थियो। सन् २०१४ मा १७ वर्षपछि सरकार-सरकारबीच विचार आदानप्रदानका लागि माथिल्लोस्तरमा राजनीतिक भ्रमण आदानप्रदान भएको थियो। त्यसअघि सन् १९९७ मा यस्तो भ्रमण भएको थियो।



सन् २०१६ मा भारतको नयाँदिल्लीमा भएको चौथो बैठकले नेपाल-भारत सम्बन्धलाई नयाँ धारमा अगाडि बढाउने प्रतिबद्धता जनाएको थियो। यता २०७५ असार १६ मा भएको इपिजीको नवौं तथा अन्तिम बैठकले प्रतिवेदन बुझाउने भनिए पनि सो प्रतिवेदन थन्किएको छ। यसले प्रतिवेदन कार्यान्वयनको सम्भावना टरेको हो कि भन्ने प्रश्न उठिरहेको छ। प्रतिवेदन नेपालउन्मुख भएको भन्दै भारतले संशोधनपश्चात मात्र उक्त प्रतिवेदन बुझ्न चाहेको देखिन्छ।

पछिल्लोपटक आयोगको पाँचौं बैठकमा आपसी सम्बन्ध, सुरक्षा र सीमा, कनेक्टिभिटी, आर्थिक विकास, व्यापार तथा पारवाहन, ऊर्जा र जलस्रोत तथा संस्कृति, शिक्षालगायतका विषय हाबी हुँदै आएको छ। अयोगका पाँचौं बैठकअघि व्यापार, पारवाहन र रेलसेवा सम्बन्धका सन्धि-सम्झौता पुनरवलोकन गर्न दुवै देशका अधिकारी सहमत भएका थिए। सोही बैठकमा भारतको रक्सौलदेखि काठमाडौंसम्मको रेलमार्ग निर्माण कार्यलाई अघि बढाउने, नेपालका नाकासम्म रेलसेवा विस्तार तथा कोशी र नारायणी नदीमा मझौला खालका पानीजहाज सञ्चालन कार्य अघि बढाउन दुवै देश सहमत भएका थिए। साथै, सुस्ता तथा कालापानीका नक्सांकन नभएकोले ठोस प्रस्ताव अघि बढाउन परराष्ट्र सचिवस्तरको आयोगका संयन्त्र बैठकले निर्देशित गर्ने भनिएको थियो।

जुनसुकै स्तर भए पनि नेपाल तथा भारत बैठक नियमितरूपमा हुनु दुवै देशका लागि अत्यन्त आवश्यक छ। तर, यस्ता बैठक दुवै देशका समयक्रममा हुँदै जाने आपसी सम्बन्धमा आधारित भएको देखिन्छ। यस्तो बैठक नियमित गर्ने प्रयोजनले २०४४ साल (सन् १९८७) मा संयन्त्र गठन भएको थियो। तर, यस्ता बैठक बेलाबेलामा सम्बन्ध बिग्रेको बेला मात्र बस्दै आएका छन्।

नेपाल र भारत दुवै देशका परराष्ट्रमन्त्रीले नेतृत्व गर्ने गरी संयुक्त आयोग गठन भएको यहाँ स्मरण गराउँदछु। यसको मुख्य उद्देश्य द्विपक्षीय विषय र परियोजनाहरूका विषयमा राजनीतिक तहमा व्यापक छलफल गर्ने र सैद्धान्तिक सहमति गरेर कर्मचारी यन्त्रलाई कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने रहेको थियो। जानकारहरूका अनुसार भारतले परियोजनाहरू अँगाल्ने तर त्यसलाई समयमा सम्पन्न नगर्ने परिपाटी अन्त्य गर्ने उद्देश्यले आयोग गठन गरिएको थियो। तर, २३ वर्षपछि सन् २०१४ मा यो संयन्त्रलाई ब्युँताउने काम गरिएको जस्तो देखिन्छ। सन् २०१४ मा नेपालसँगको सम्बन्धलाई राजनीतिक तहमा स्तरोन्नति गर्ने पहल लिइएको देखिन्छ।

नेपाल-भारत द्विपक्षीय संयुक्त आयोगको छलफलको प्रस्ताव मन्त्रीस्तरमा नै निरूपण गर्नु आवश्यक देखिएको छ। यस संयन्त्रलाई औपचारिकता दिने वा प्रमाणीकरण गर्नेमा सीमित नराखी राजनीतिक तहको छलफल हुने संयन्त्र बनाउन आवश्यक देखिन्छ। त्यो बेला सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिलाई समीक्षासहित दुई देशबीचको सम्बन्धलाई बहुआयमिकता दिन पूर्वसहमतिबमोजिमको प्रबुद्ध व्यक्तिहरूको समूह अर्थात् इपिजी दुई वर्षको कार्यकाल रहने गरी गठन गर्ने सहमति गरिएको थियो। इपिजीको अन्तिम अर्थात् नवौं बैठक २०७५ असार १५ र १६ मा काठमाडौंमा भएको थियो। यसको नतिजा भने शून्य रहन गयो।

२०७७ मंसिर ११ र १२ मा भारतका विदेशसचिवले नेपाली समकक्षीको निम्तामा नेपाल भ्रमण गरेका थिए। उक्त भ्रमणका क्रममा दुई देशबीच द्विपक्षीय सीमासम्बन्धी विषयमा छलफल भएको बताइन्छ। उच्चस्तरीय सम्बन्धलाई नयाँ दिशामा कायम राख्न र दुवै देशबीच परम्परागतरूपमा रहिआएको बहुपक्षीय समझदारीलाई अझ कायम गरी मजबुत बनाउँदै लैजाने सहमति भएको देखिन्छ। २०७६ सालमा भएको संयुक्त आयोगको बैठकयता द्विपक्षीय सीमा विवादलगायतका कारण संवादहीनताको स्थिति रहँदै आएको थियो।

राजनीतिक नक्सा र सिमांकनको आ-आफ्नै अडानका कारण एक वर्ष अर्थात् नोभेम्बर २०१९ देखि नोभेम्बर २०२० सम्म दुई देशबीच कूटनीतिक संवादहीनताको स्थिति छाएको थियो। भारतसँग ठूला आयोजना तथा परियोजनाको सञ्चालनमा सहमति जुटेपछि पनि कार्यान्वनमा कठिनाइ रहँदै आएको छ। पञ्चेश्वर परियोजनामा भइरहेका ढिलाइ तथा कोशी उच्च बाँध योजनाका बारेमा सरोकार राखिएको छ।

**नोभेम्बर २०२० मा भएको भारतीय विदेशसचिवको नेपाल भ्रमणयता सीमा विवादको समाधान उच्च तहबाट खोजिने भनी थाती राखिएको छ। सीमाबारे भारतीय विदेशसचिव केही नबोली नेपालका परराष्ट्रमन्त्रीलाई भारत भ्रमणको निमन्त्रणा दिएर फर्किएका थिए। यद्यपि, यो भ्रमणले नेपाल तथा भारत उच्चस्तरीय राजनीतिक भ्रमणको ढोका खोलेको मानिन्छ।**

२०२० नोभेम्बरमा भएको भारतीय विदेशसचिवको नेपाल भ्रमणयता सीमा विवादको समाधान उच्च तहबाट खोजिने भनी थाती राखिएको छ। सीमाबारे भारतीय विदेशसचिव केही नबोली नेपालका परराष्ट्रमन्त्रीलाई भारत भ्रमणको निमन्त्रणा दिएर फर्किएका थिए। यद्यपि, यो भ्रमणले नेपाल तथा भारत उच्चस्तरीय राजनीतिक भ्रमणको ढोका खोलेको मानिन्छ।

२०७७ साल मंसिरमा नेपाल र भारत सचिवस्तरीय ऊर्जासम्बन्धी बैठक बस्यो। त्यसपछि ७ नोभेम्बर २०२० मा भएको 'भर्चुअल' बैठकमा नेपाल र भारतबीच पारवाहन र रेल्वे सम्झौता, व्यापार र अनधिकृत व्यापार नियन्त्रण गर्ने सम्झौता पुनरवलोकन गरी संशोधन गर्ने सहमति भयो। यस्ता बैठक २०७७ पछि 'भर्चुअल' माध्यमबाट विभिन्न विषयमा ध्यानाकर्षण गरिए पनि यस्ता बैठकमा भएका निर्णय कार्यान्वयन हुन दशकौं लाग्ने देखिएको छ।

*(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायव कार्यकारी निर्देशक हुन्।)*

## मननयोग्य

### विदुर नीति

त्यो हानिलाई हानि ठान्नुहुँदैन, जसले भविष्यमा समृद्धि ल्याउँछ। यसैगरी भविष्यमा समेत विनाश जसले ल्याउँछ त्यो नै वास्तविक क्षय वा हानि हो। हे राजेन्द्र ! तपाई पाण्डवहरूप्रति सद्व्यवहार गर्नुहोस्। उनीहरूबाट आफूहरू सुरक्षित एवंम् ढुक्क भई तपाई शत्रुहरूको आक्रमणबाट बच्नुहोस्।

विषालु वाण हातमा लिएको व्याधा छेउ पुगेमा जसरी मृगले पीडा भोग्नुपर्दछ। त्यसै गरी आफ्नो जाति विरादरीको कुनै बन्धु अर्को धनी बन्धुकहाँ पुगेर दुःख पाउँछ भने सोको पाप धनी बन्धुलाई नै लाग्दछ। हे नरश्रेष्ठ ! तपाईले पाण्डहरू र आफ्ना छोराहरू मारिए भन्ने खबर सुनेपछि सन्ताप गर्न थाल्हुनेछ। तसर्थ भविष्यमा हुने कुरालाई अगाडि नै विचार गर्नुहोस।

जुन काम गर्नाले मानिस बिरामी भई खाटमा सुत्नुपर्ने हुन्छ अर्थात् बिरामी पर्दछ अथवा आफ्नो कर्मले साताप पार्दछ, साथै समाजमा सुख देखाउन पनि सक्तैन। यस किसिमको कर्म मानिसले सुरूदेखि नै गर्नुपर्दछ। यस संसारमा सबैभन्दा पहिले नीतिशास्त्रको निर्माण गर्ने दैत्यगुरु शुक्राचार्यबाहेक अनीतिपूर्ण कर्म यदाकदा व्यक्ति कोहि पनि छैन। यसले जे भयो सो भयो भन्ने तात्विक कुरो बुझेर बुद्धिमान मानिसले भविष्यमा गर्न सकिने कामतिर नै दृष्टि दिने गर्नुपर्दछ। यदि, दुर्योधनले पाण्डवहरूप्रति राज्यसरहजस्तो पाप काम गरेको भए पनि तपाई नै कुलको बुद्ध व्यक्ति हुनुहुँदा तपाईले नै छोराको यस्तो पाप कर्मलाई धाँइपखाली गरिदिनुपर्दछ।

हे नरश्रेष्ठ ! यदि तपाईले पाण्डवहरूलाई राज्यका विभिन्न ओहदामा स्थापित गरिदिनुभएमा तपाईमा लागेको कलंक धोइन्छ, साथै तपाई सबै बुद्धिमानद्वारा सम्मानितसमेत हुनुपर्दछ। जो मानिस धीर वा सज्जन व्यक्तिले भनेको कुरा र निर्देशनलाई राम्ररी शोच विचार गरेर कार्यान्वयनसमेत गर्दछ उसले चिरकालपर्यन्त कीर्ति कमाउँछ।

**क्रमशः**

## पत्र–मञ्जुषा

# लासमा पनि राजनीति !

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा केही दिनअघि एकदमै मन कुटुक्क पार्ने दृश्य देखियो। मलेसिया जान लागेका युवकको विमानस्थलमा चप्पल चुँडिएपछि उनी खाली खुट्टै गइरहेका थिए। पछिल्लो समय नेपालबाट विदेशिने क्रम बढ्दो छ। धनीका छोराछोरी पढ्नका लागि भनेर राम्रो मुलुक छिरिरहेका छन्। तर, गरिब वर्गकाहरू चप्पल नै नलगाई खाडी मुलुक छिर्न बाध्य छन्। नेपाल सरकारले नेपाली जनतालाई भेडाबाखाझैँ बेचिरहेको छ।

सुखी भविष्यको सपना देखेर खाडी छिर्नेलाई पनि कहाँ त्यति सजिलो छ र ! काम गर्दागर्दै दुर्घटनामा परेर कफिनमा फर्किनुपरेको छ। कतिको त लास अझै पनि विदेशमै छ। नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उनीहरूको शव फिर्ता ल्याउन चासो देखाएको छैन। व्यापारी दुर्गा प्रसाईंले केही दिनअघि एउटा शव ल्याए तर त्यहाँ पनि मिडियाबाजी भयो। मरेको व्यक्तिको लासमाथि पनि राजनीति भयो।

बाहिर मृत्यु भएका नेपालीको शव नेपाल फर्काउन सहयोग गर्नु राम्रो विषय हो। तर, एउटा लास ल्याउँदा विमानस्थलभरि सञ्चारकर्मी बोलाउनु र राजनीति गर्नु लज्जास्पद विषय हो। यसअघि प्रसाईंले कतिवटा लास फिर्ता ल्याए ? आफू चर्चामा आउनका लागि एउटा लास ल्याएर के-के न गरे भन्न मिल्छ ? कि यसअघि पनि उनले नै लास ल्याउने गरेका थिए ? जिँउदो मान्छेमाथि त राजनीति गरे तर मरेकालाई पनि छाडेनन्।

श्रममन्त्री शेरबहादुर कुँवरले विदेशमा भएका नेपाली जनताको शव तुरुन्त फर्काउनुपऱ्यो। सरकारको खर्चमा तत्कालै विदेशमा रहेका शव फर्काऊ। कुनै नेपाली विदेशमा मर्दा आफन्तले शव फर्काउन नसकेर धुरुधुरु रोइरहेका छन्। तर, त्यही जनताले तिरेको करबाट राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद, मेयर, उपमेयर बनेकालाई लाज किन लाग्दैन ?

सरकारले आफ्नो दायित्व बिर्सिएको हो ? काम गरेर घरपरिवार पाल्छु, राज्यलाई कर तिर्छु भनेर हिँडेकाको भवितव्यमा परी मृत्यु भएका शव ल्याउन नसकेर उसको परिवार थप पीडामा पर्न बाध्य पारिएको छ। यदि सरकारसँग पैसा छैन भने हरेक नेपालीले १० रूपैयाँ उठाएर दिन्छौं। जसरी हुन्छ नेपालीको शव फर्काउनुपर्छ। देशमा नाम मात्रका राष्ट्रपति र प्रधानमन्त्री छन्। रिबन काट्न र सेवासुविधा खुवाउनका लागि राष्ट्रपति/प्रधानमन्त्री बनाएको हो ?

साँच्चै नै भन्ने हो भने हाम्रो देशका राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीसँग एउटा 'डिल' गर्ने क्षमतासमेत छैन। सरकारसँग त्यति क्षमता भएको भए नेपालीको शव सडेर बस्दैनथ्यो। जो आए पनि भ्रष्टाचार गर्ने, सेवासुविधा लिने र विभिन्न कार्यक्रममा रिबन काट्न जाने। नेपालीप्रति यिनीहरू कहिले जिम्मेवार बन्न सिक्लान् ? एउटा दलालीले लास फर्काउँदा एयरपोर्टमा कत्रो रमिता भयो ?

सबै मिडियाहरू एयरपोर्ट घेर्न पुगे। उही प्रसाईंले सरकारलाई भलिभाती भने। उनले गाली गरेका शब्दहरू सरकारले पनि सुनिरहेको होला। त्यतिखेर सरकारलाई अलिकति पनि लाज लागेन ? आफूमाथि घृणा महसुस भएन ? सरकारले एउटा लास ल्याउन सकेन, त्यसैले मैले ल्याए भनेर प्रसाईंले सरकारलाई खुला चुनौती दिए। यतिखेर सरकारभन्दा ठूलो दलाली भएको छ। त्यही लासको आधारमा भोलि भोट माग्ने काम हुन्छ। नेपालको राजनीति कतिसम्म फोहोरी छ, यहाँबाट स्पष्ट हुन्छ।

एउटा व्यक्तिले लास ल्याएर यो समस्या समाधान हुँदैन। यदि श्रम मन्त्रालयले यो गर्न नसक्ने हो भने छुट्टै मन्त्रालय र विभाग खडा गर्नुपर्छ। यसलाई अझै पनि हलुका रूपमा लिने हो भने सरकार आफैं जनताबाट नांगिनेछ। नेपालीहरू दिनहुँ यसरी विदेश गइरहँदा सरकारलाई अलिकति पनि हिनताबोध हुदैन ? सरकार कर असुल्ने र नेता भोट लिने काम बन्द गरौं।

***रञ्जना मल्ल***
*सानेपा, ललितपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**
prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# जग्गा विवादले अस्पताल भवन निर्माण अलपत्र

**मुग्लिन–** चितवनको इच्छाकामना गाउँपालिकामा निर्माणाधीन अस्पताल भवन अलपत्र परेको छ । गाउँमै स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यका साथ गाउँपालिका-४ कुरिनटारमा विसं २०७७ देखि २५ शयचाको अस्पताल बनाउन सुरु गरेको थियो । तर अहिले जग्गा विवाद उत्पन्न भएपछि अस्पताल भवन निर्माण रोकिएको छ ।

तत्कालीन समयमा अस्पताल निर्माण सुरु गर्दा पुऱ्याउनुपर्ने मापदण्ड पूरा नगरी अस्पताल भवन निर्माण थाल्दा दुई वर्ष बितिसक्दा पनि अस्पताल निर्माणको कामले पूर्णता पाउन नसकेको हो । गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ को नीति, कार्यक्रम तथा बजेटमा ५० लाख बजेट विनियोजन गरी सर्वशान्ति क्याम्पसको पछाडिपट्टि सार्वजनिक जग्गामा अस्पताल निर्माण सुरु गरेको थियो । उक्त समयमा बोलपत्र प्रक्रिया गरी भवन निर्माणको काम सुरु गरेका थिए । उतिबेलै भवनको जग राख्ने कामसमेत सकिएको थियो । तर बीचमा जग्गाको स्वामित्वका विषयमा टुङ्गो लाग्न नसकेपछि हालसम्म पनि भवन निर्माणले पूर्णता पाउन सकेको हो ।

गाउँपालिकाले सार्वजनिक जग्गा भनेर निर्माण सुरु गरेको उक्त जग्गा वन कार्यालयले वन क्षेत्रभित्रको जग्गा जनाउँदै अस्पताल निर्माण रोकिदिएपछि अलपत्र परेको हो । करिब १० करोड लागत लाग्ने अनुमानका साथ भवन निर्माण सुरु गरिएको थियो ।

तत्कालीन गाउँपालिका अध्यक्ष गीताकुमारी गुरुङले गाउँपालिकाभित्रको जग्गा गाउँपालिकाले जुनसुकै प्रयोजनका लागि प्रयोग गर्न सकिने भएकाले आफूहरूले नागरिकको सुविधाका लागि अस्पताल भवन निर्माण थालेको बताए ।

नवनिर्वाचित गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले भने, 'जग्गा अस्तालको स्वामित्वमा ल्याउनुपर्थ्यो, त्यसो नगरी भवन निर्माण सुरु गर्दा समस्या सिर्जना भएको हो ।' जग्गाको स्वामित्व अस्पतालका नाममा ल्याउने प्रयास जारी रहेको उनले बताए ।

यही आर्थिक वर्षभित्रमा अस्थायी भवन निर्माण गरी १५ शयचाको इच्छाकामना अस्पतालको सेवा भने सुरु गर्ने अध्यक्ष गुरुङले जानकारी दिए । उनले भने, 'तत्कालका लागि अस्थायी संरचना निर्माण गरी इच्छाकामना अस्पतालको सेवा सुरु गरिनेछ भने रोकिएको भवन निर्माणको कामसमेत जग्गा प्राप्तिको प्रक्रिया पूरा गरी सुरु गर्नेछौं ।'

सामान्यबाहेक अन्य स्वास्थ्य सुविधा लिनुपरे जिल्ला सदरमुकाम भरतपुर जानुपर्ने बाध्यता रही आएको छ । इच्छाकामना अस्पताल निर्माण भएमा इच्छाकामनासहित गोरखाको गण्डकी र सहिद लखन, तनहुँको आँबुखैरेनी र धादिङको बेनीघाट रोराङ गाउँपालिकाका जनताले समेत सेवा प्राप्त गर्ने जनाइएको छ । यस्तै संघीय राजधानी काठमाडौं भित्रने र बाहिरिने मुख्य राजमार्ग र नारायणगढ-मुग्लिन सडकखण्ड यसै क्षेत्र पर्ने भएकाले यस क्षेत्रमा हुने सवारी दुर्घटनाका घाइतेलाई समेत उपचार गर्न सहज हुने देखिन्छ ।

# स्रोत नखुलेको नगदसहित पक्राउ

**धनुषा (प्रस)–** जनकपुर उपमहानगरपालिका-१२ कुवाँबाट स्रोत नखुलेको नगद २३ लाख ८९ हजार ४८० रुपैयाँ सहित भारत घर भएका १९ वर्षीय अब्दुल समीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । जनकपुर उपमहानगरपालिका-२५ लोहनाबाट जनकपुरतर्फ आउँदै गरेको बिआर ३२ एजे ०१७० नम्बरको मोटरसाइकललाई प्रहरी चौकी हनुमाननगरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार समीलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो ।

रूपन्देही, सिद्धार्थनगर नगरपालिका-१ बाईपासबाट स्रोत नखुलेको ६ लाख ५० हजार भारतीयसहित भारत घर भएका ५० वर्षीय बुद्दिराम बरुलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । ईलाक प्रहरी कार्यालय बेलहियाबाट खटिएको प्रहरीले उनलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक कारवाहीको लागि राजश्वज अनुसन्धान कार्यालय वुटवल पठाइएको छ ।

पर्सा, वीरगञ्ज महानगरपालिका-१६ शंकराचार्य गेटबाट स्रोत नखुलेको नगद ५ लाखसहित भारत घर भएका ३० वर्षीय बालकृष्ण कुमारलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । भारतबाट वीरगञ्जतर्फ आउँदै गरेको बिआर ०५ एजि ४२५३ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकल चालक कुमारलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो ।


## प्रोभिजनल सर्टिफिकेट हराएको सूचना

मिति २०७९/०१/२२ गते ललितपुर, लामाटारबाट ग्वार्कोको चोकसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको प्रोभिजनल सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : शक्तिकला पोखरेल
ठेगाना :महालक्ष्मी न.पा.९, लामाटार, ललितपुर
रजिस्ट्रेसन.नं. :७-२-७५५-२३-२०१०
सिम्बोल.नं. : ७७५५००४०
सम्पर्क : ९८४३०६३५४८

## राहदानी हरायो

मिति २०७९/०४/०८ गते कीर्तिपुर, भक्तेपाटीबाट नया बजार आउँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **निरञ्जन विष्ट**
राहदानी नं : **०७८५३६८१**
ठेगानाः **भक्तेपाटी, कीर्तिपुर**
फोन नं : **९८४९४३३३०५**

## राहदानी हरायो

मिति २०७८/११/१८ गते लगनखेलबाट सातदोबाटोसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **राम श्रेष्ठ**
राहदानी नं : **११०२६५१७**
ठेगानाः **पोखरा-१५, कास्की**
फोन नं : **९८०५८९४८६४**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **माता यु कन्स्ट्रक्सन प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **बी. बककुण्ड कन्स्ट्रक्सन प्रा.लि**. नामक परिवर्तन कम्पनीले सकार्ने व्यहार्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९।०३।०३ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी बी. बककुण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. ५६३०८/०६५/०६६) काम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी :AL FARIS EQUIPMENT RENTALS (LLC)

पूर्व स्वीकृति मिति २०७८/१२/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT. No. 260486 चलानी नं.:६०१७६९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Operator Assistant | 2 | 0 | 1000 | ३४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Forklift Driver | 3 | 0 | 1400 | ४८,६७५ | | | | | | | |
| 3 | Shovel Operation Driver | 7 | 0 | 2600 | ९०,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन १८ देखि २० गते (3rd to 5th Aug. 2022)सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF SKY INTERNATIONAL PVT. LTD.**
Govt. License 890/067/068
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5905025, 5905026, Fax: +97715905027, Mobile: 9801116869
E-mail : info@gulfskyintl.com, gulfskyintl890@gmail.com, Web: www.gulfskyintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Joan Western Car Wash

पूर्व स्वीकृति मिति : २०७८/०९/१८ पून विज्ञापन स्वीकृति मिति : २०७९/०४/१० LT. No.253857 चलानी नं. ६०१७३३२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NORMAL LABOR | 1 | 0 | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा साउन १८ गते (3rd Aug 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**:रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :ABDUL RAHMAN AL-HASSAN AHMED JARB SPORTS CENTER

पूर्व स्वीकृति मिति २०७९/०३/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT. No. 266986 चलानी नं.:६०१८१८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1200 | ४०,७८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३३,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन १८ गते (3rd Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## FREE VISA ! FREE TICKET!!

FREE FOOD! FREE ACCOMODATION !!

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADISSON BLU HOTEL DOHA

पूर्व स्वीकृति मिति २०७८/१२/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT No.258981 चलानी नं. ६०१७५३९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 1 | 1800 | ६३,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Clerk | 1 | 0 | 2100 | ७३,६६० | | | | | | | |
| 3 | Cook | 1 | 1 | 1500 | ५२,६१५ | | | | | | | |
| 4 | Driver | 1 | 0 | 1800 | ६३,१३५ | | | | | | | |
| 5 | Dry Clean Worker | 2 | 0 | 1400 | ४९,१०५ | | | | | | | |
| 6 | Gen Clean Worker | 3 | 2 | 1400 | ४९,१०५ | | | | | | | |
| 7 | Masseur | 1 | 0 | 1500 | ५२,६१५ | | | | | | | |
| 8 | Porter | 1 | 0 | 1400 | ४९,१०५ | | | | | | | |
| 9 | Service Employee | 1 | 0 | 1400 | ४९,१०५ | | | | | | | |
| 10 | Storekeeper | 1 | 0 | 1900 | ६६,६४५ | | | | | | | |
| 11 | Technician | 1 | 0 | 1400 | ४९,१०५ | | | | | | | |
| 12 | Waiter | 2 | 1 | 1500 | ५२,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिःसाउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**:रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** **निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Manpower Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ०८/०४२/४३
Sanepa-1, Lalitpur
Phone: +977-1-015183325, 015183326, 5183327,9863191056, 9818224732, E-mail: hmanpowerservicepltd@yahoo.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FACILITIES MANAGEMENT AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति २०७८/११/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT. No. 258270 चलानी नं. ६०१७९३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 1 | 19 | 1000 | ३५,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिःसाउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कःनिःशुल्क**/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : POST SERVICES COMPANY

पूर्व स्वीकृति मिति :२०७८/११/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT. No. 258031 चलानी नं. : ६०१७४५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 13 | 0 | 140 | ५८,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिःसाउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAOUD AL ALI FARMING PRODUCTS TRADING

पूर्व स्वीकृति मिति २०७८/१२/१७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१० LT. No.260391 चलानी नं.६०१७७०८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1800 | ६३,१३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Farmer | 15 | 0 | 1200 | ४२,०९० | | | | | | | |
| 3 | Representative | 1 | 0 | 2500 | ८७,६९० | | | | | | | |
| 4 | Supervisor | 2 | 0 | 2500 | ८७,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिःसाउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## मलेशिया/युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LOCAL BASIC SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०२/०६ पून विज्ञापन स्वीकृति मिति : २०७९/०४/१० LT. No.263273 चलानी नं. ६०१७३८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 300 | 0 | 1500 | ४२,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AM ALLOY INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०७६/११/१२ पून विज्ञापन स्वीकृति मिति : २०७९/०४/१० LT. No.233706 चलानी नं. ६०१६७८१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1200 | ३४,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SANA MODERN GIFTS TRADING L.L.C.

पूर्व स्वीकृति मिति : २०७९/०२/२५ पून विज्ञापन स्वीकृति मिति : २०७९/०४/१० LT. No.263184 चलानी नं. ६०१७७८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commercial sales representative | 0 | 4 | 1200 | ४१,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TEJA GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०१/१५ पून विज्ञापन स्वीकृति मिति : २०७९/०४/१० LT. No.262437 चलानी नं. ६०१७७८८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assitant Cook | 4 | 0 | 140 | ५८,०७५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 5 | 10 | 130 | ५३,९३० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा साउन १८ गते (3rd Aug 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
K.M.C.-09, Gaushala, Pingalasthan, Kathmandu, Nepal
Ph. No: +977-1-4483326, 4433771 E-mail : info@omeganepal.com
Website : www.omeganepal.com

# प्रभाव दैनिक

बुधबार, ११ साउन २०७९ (Wednesday, July 27, 2022)


## रूपशाला

### सुनिताले ल्याइन् 'यो रमाइलो तिजैमा...'

सुनिता दुलालको 'यो रमाइलो तिजैमा...' बोलको गीत सार्वजनिक भएको छ । दुलालले आत्तै युट्युब च्यानलमार्फत गीत सार्वजनिक गरेकी हुन् । उन्नती बोहोरा 'शिला' को शब्दमा शम्भुजित बाँस्कोटाले संगीत भरेको गीतमा मनोहर सुनमले संगीत संयोजन गरेका छन् । श्यामश्वेत रसाइलीले गीतको मिक्सिङ गरेका हुन् । गीतको भिडियोमा गायिका दुलालसँगै अभिनेत्री करिश्मा मानन्धर, मोडल अञ्जली अधिकारी, लक्ष्मी जोशी, राधा लम्साल 'भबु', गजित विष्ट, भोजराज शर्मा लगायतको अभिनय छ ।




# 'फिल्मकर्मीलाई महसुस हुनेगरी काम गर्छु'



**काठमाडौं (प्रस)–** अभिनेता भुवन केसीले फिल्मकर्मीलाई महसुस हुने गरेर आफूले काम गर्ने बताएका छन् । चलचित्र विकास बोर्डको अध्यक्षमा नियुक्त भएपछि छोटो प्रतिक्रिया दिँदै केसीले आफ्नो कार्यकालमा फिल्मकर्मीले राम्रो महसुस गर्न सक्ने बताए ।

'मेरो फिल्म कर्मको योगदान र लगनशीलतालाई नेपाल सरकारले मूल्याङ्कन गर्नु भएको छ' केसीले भने 'फिल्म अभिनय, निर्माण तथा निर्देशन तीनै विधामा म सक्रिय भएकाले फिल्मक्षेत्रको विषयको धेरै ज्ञान छ । त्यो अनुभव अव यो क्षेत्रमा काम लाग्छ ।' केसीले फिल्मकर्मीलाई खट्केको विषयमा आफूले काम गरेर देखाउने बताए ।

केसीलाई सोमबारको मन्त्रिपरिषद् बैठकले चलचित्र विकास बोर्डको अध्यक्षमा नियुक्त गरेको हो । गायन हुँदै अभिनयमा प्रवेश गरेका केसी पछिल्लो समय चलचित्र निमार्ण, निर्देशन र अभिनयमा सक्रिय छन् । एमाले छोडेर केही अगाडि मात्र कांग्रेस प्रवेश गरेका केसीले सुरुमै महत्वपुर्ण जिम्मेवारी हासिल गरेका छन् । केसी बोर्डको अध्यक्षमा नियुक्त भएको समाचार बाहिर आएपछि सामाजिक संजालमा उनको चर्को आलोचना भइरहेको छ ।

# धरानका प्रमुखसहितले गाएको गीत सार्वजनिक

**धरान (प्रस)–** धरान उपमहानगरपालिकका प्रमुख हर्कराज राई (साम्पाङ)सहितको स्वरमा बनाइएको हाइकिङ गीत धरानमा सार्वजनिक गरिएको छ । सेवक अभियानले सुरु गरेको 'स्वास्थ्यका लागि पदयात्रा' अभियानलाई समेटेर बनाइएको गीत सार्वजनिक गरिएको हो । गीतको रचना पदयात्राका अभियन्ता राजीव हलुवाइले गरेका छन् ।

उक्त गीतमा चर्चित गायक तथा गायिकाहरू राजेशपायल राई, रमना श्रेष्ठ, मेलिना राई, प्रश्ना शाक्य, डिल्ली फोम्बो, शिव लामिछाने, पम्फा चाहारसँगै धरानका प्रमुख हर्क साम्पाङले पनि स्वर दिएका छन् । गीतमा मनोज मोतेले सङ्गीत भरेका छन् । धरानका पाखापखेरीमा घुम्न प्रोत्साहन गर्न र पदयात्राको सम्भावना भएको क्षेत्रलाई समेटेर भिडियो बनाइएको हो ।

कार्यक्रममा धरान-८ स्थित अनुपमा प्याकेजिङ उद्योगले उत्पादन गरेको




प्रिमियम सिटिसी चिया धरान पनि नगर प्रमुख र उपप्रमुखलाई हस्तान्तरण गरिएको थियो । हलुवाइले धरानमा पदयात्रा संस्कृतिलाई व्यापक गर्न लामो समयदेखि अभियान चलाउँदै आएका छन् ।

स्वास्थ्यका लागि हिँडौं भनेर उनले प्रत्येक शनिबार नयाँ नयाँ ठाउँमा समूह बनाएर पदयात्रा गर्दै आएका छन् । हलुवाइको अभियानको प्रभावले धरानमा पदयात्रामा निस्कने धरानेहरूको संख्या ठूलो छ । पदयात्राको अगुवाइ गरिएकाले यहाँ उनी ' हाइकिङ बाबा'को नामले पनि परिचित छन् । उनै हलवाइले रचना गरेको हाइकिङ गीत सोमबार सार्वजनिक गरिएको हो ।

# राजेश राईको कान्छी सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक राजेश राईले नयाँ म्युजिक भिडियो 'कान्छी' ल्याएका छन् । यसअघिका आफ्ना गीत दर्शक र स्रोताले मन पराएपछि गायक राजेशले 'कान्छी माया तिम्रो लाग्छ' बोलको गीत सार्वजनिक गरेका हुन् ।

नेपाल सिंगिङ सुपरस्टारको प्रतिस्पर्धीसमेत रहेका उनको 'कालो कालो' र 'तोडियो तोडियो' गीत दर्शक र स्रोताले निकै मन पराएका थिए । कान्छी पनि दर्शक र स्रोताले रुचाउने गायक राजेशको अपेक्षा छ । कान्छीमा




सुन्दर मगरको शब्द सृजना र संगीत तथा अभिजंग क्षत्रीको संगीत संयोजन छ । फूलबुट्टे सारीजस्ता चर्चित गीतको भिडियोको निर्देशन गरेका राजेश पुमा राईको निर्देशनमा तयार पारिएको कान्छीको भिडियोमा सुरविना कार्की र इन्द्र खरेलको अभिनय छ ।

उत्सव दाहालको छायांकन रहेको भिडियोलाई विकास दाहालले सम्पादन गरेका हुन् । प्रोडक्सन म्यानेजर दिपेन्द्र गौतम हुन् भने भिडियो निर्माणमा केदार उप्रेती छन् । देवीथान म्युजिक च्यानलबाट कान्छी सार्वजनिक गरिएको हो ।

# प्रेमगन्ज : दुई पुस्ताको आकर्षक प्रेमगाथा

■ प्रभाव संवाददाता

**काठमाडौं–** परिच्छेद सेनको डेब्यू निर्देशन रहेको चलचित्र 'प्रेमगन्ज'को ट्रेलर सार्वजनिक भएको छ । साढे तीन मिनेट लामो ट्रेलरले दुई पुस्ताको प्रेमकथालाई आकर्षक दृश्यसहित वाचन गर्ने प्रयास गरेको छ ।

प्रेमकथा श्रेणीमा बनेको फिल्ममा तेज गिरि, बेनिशा हमाल, ,राइडर प्रशन , सुप्रिया खनाल र सिमरन खड्कालाई देख्न सकिन्छ । चलचित्रले दुई कालखण्डको प्रेमकथालाई प्रस्तुत गरेको छ । तेज र बेनिशाले युवा उमेरका मैनाराजाको भूमिकामा अभिनय गरेका छन भने प्रशन, सुप्रिया र सिमरनले टिनएजर मैना राजाको भूमिका निर्वाह गरेका छन् ।

फिल्मको ट्रेलर सुरक्षा पन्तको मनोलगसँगै सुरु भएको छ । तर, निर्माण टिमका अनुसार फिल्म भित्र सुरक्षा पन्त अतिथि भूमिकामा मात्र रहेकी छिन् । ट्रेलरमा भने उनले कथा वाचकको जिम्मेवारी निर्वाह गरेकी छिन् ।

अनन्तमान श्रेष्ठ कार्यकारी निर्माता रहेको चलचित्रलाई परिच्छेद स्वयंले लेखेका हुन् । चलचित्र ३ भदौमा नेपाललगायत भारतका केही सहरमा एकसाथ प्रदर्शन हुँदैछ । योसँगै फिल्म युरोपका विभिन्न देशका सिनेमाघरमा पनि रिलिजको तयारी भइरहेको निर्माण टिमले जनाएको छ ।

अर्जुन जीसीको सम्पादन र सञ्जय लामाको छायांकन रहेको फिल्ममा नरेश पौडेल, रश्मि भट्ट, गीता अधिकारी, सञ्जोग रसाइली, पवन भट्टराई आदिको पनि अभिनय रहेको छ । फिल्ममा किरण भुसाल, पुरुषोत्तम ढुंगेल, गैरे सुरेश र सरोज पोखरेलको संगीत रहेको छ ।




## रंगशाला

**नवौं राष्ट्रिय खेलकुद**

# सुरु भयो पोखरामा तयारी



■ कृष्ण दवाडी

**कास्की–** गण्डकी प्रदेशको राजधानी सहर पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु गरिएको छ ।

कोरोना महामारी र पछिल्लोपटक स्थानीय तह निर्वाचनका कारण पटक-पटक मिति सर्दै आएको राष्ट्रिय खेलकुद आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेश र मुख्यगरी पोखरामा आयोजना हुने निश्चित भएपछि तयारीका काम अघि बढाइएको छ ।

करिब चार दशकपछि गण्डकी प्रदेशले राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाको अवसर प्राप्त गरेको छ । विसं २०४० मा दोस्रो संस्करणको आयोजनापछि पोखरालाई नवौं संस्करण आयोजनाको मौका जुरेको हो । पछिल्लो समय राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले प्रतियोगिताको मिति घोषणा गरेर जिम्मेवारी बाँडफाँट गरेसँगै स्थानीस्तरमा पनि खेल पूर्वाधार निरीक्षण, खेलाडी प्रशिक्षणलगायतका काम अघि बढेको छ ।

प्रतियोगिता सञ्चालनका लागि राखेपले गठन गरेको खेलस्थल व्यवस्थापन उपसमितिले केही दिनयता कास्कीका विभिन्न खेलमैदान तथा पूर्वाधारको निरीक्षण गरेको छ । उक्त उपसमितिका संयोजक एवं रोखप सदस्य राजेशकुमार गुरुङको नेतृत्वमा सहारा क्लबको फुटबल मैदान, पोखरा-१९ स्थित गोष्टेघाट खेलमैदान, माछापुच्छ्रे गाउँपालिकाको महेन्द्र मावि खेलमैदान, हेमजाको गौरीशंकर खेलमैदान र नेपाली सेनाका खेलमैदान निरीक्षण गरिएको छ ।

संयोजक गुरुङले प्रतियोगिता पोखरा रङ्गशालामै सञ्चालन हुने भए पनि सहभागी टोलीको प्रशिक्षणलाई ध्यान दिएर अभ्यास मैदानको खोजी गरिएको बताए । खेल पूर्वाधारका लागि पोखराका विभिन्न वडामा निर्माण सम्पन्न भएका कभर्डहल र खेलमैदानको भरपुर उपयोग गरिने छ । उनले भने, 'देशको गौरवको रूपमा रहेको राष्ट्रिय खेलकुदलाई भव्यताका साथ सम्पन्न गर्नका लागि अहिलेदेखि नै तयारीका काम अघि बढाएका छौं । खेलस्थलको अनुगमन सुरु गरेका छौं, पूर्वाधार कस्तो अवस्थामा छन्, के-के काम गर्नुपर्ने हुन्छ भनेर अनुगमन गर्छौं । प्रतियोगितामा सहभागी टोलीलाई अभ्यास र तयारीमा राम्रो सुविधा दिने योजना छ ।'

गण्डकी प्रदेश खेलकुद परिषद्ले पनि राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु गरेको छ । प्रतियोगिता आयोजनाको मुख्य जिम्मेवारी संघ सरकार मातहतको राखेपको भए पनि आफ्नो प्रदेशमा हुने प्रतियोगितालाई सफल बनाउन प्रदेश खेलकुद परिषद्ले पनि काम अघि बढाएको हो । परिषद्को सोमबार सम्पन्न पूर्ण बैठकले नवौं राष्ट्रिय खेलकुद तथा प्रदेशमा सञ्चालन हुने प्रतियोगिता सम्पन्न गर्ने गरी कार्य विभाजन गरेको सदस्यसचिव तेजबहादुर गुरुङले बताए ।

उनका अनुसार खेलस्थल व्यवस्थापन, अनुशासन तथा प्राविधिक उपसमिति, बसोबास व्यवस्थापन, स्वास्थ्य, यातयात व्यवस्थापन, सुरक्ष, प्रचार प्रसार, खेल सामग्री तथा पोशाक व्यवस्थापनलगायतका समिति गठन गरी जिम्मेवारी तोकिएको छ । परिषद्ले खेल सञ्चालन कार्यविधि-२०७९ स्वीकृतिका लागि युवा तथा खेलकुद मन्त्रालयमा पठाउने निर्णयसमेत गरेको छ ।

राष्ट्रिय खेलकुदको तयारी तथा टिम छनोट तथा बन्द प्रशिक्षणका लागि करिब रु सात करोड खर्च लाग्ने अनुमान रहेको सदस्यसचिव गुरुङले बताउनुभयो । राष्ट्रिय खेलकुदमा दुई प्रदर्शनसहित ३८ खेल सञ्चालन हुने निर्णय यसअघि नै भइसकेको छ । अधिकांश खेल पोखरामा नै सञ्चालन हुनेछ । केही खेलको पूर्वाधार अझै पनि तयार हुनसकेको छैन ।

स्वीमिङ, सुटिङ र हक्की खेलको पूर्वाधार पोखरामा पनि छैनन् । पूर्वाधार नभएका खेल कहाँ खेलाउने भन्ने चिन्ता आयोजकलाई छ । प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल सञ्चालन गर्ने योजना छ । लामो समयपछि हुन लागेको राष्ट्रिय खेलकुदको अपनत्व सबै प्रदेशवासीलाई दिन सबै जिल्लामा खेल आयोजना गर्न प्रस्ताव गरिएको भए पनि फुटबल, क्रिकेट, भलिबल, ह्यान्डबललगायत मुख्य-मुख्य खेलसहित अधिकांश खेल पोखरामा सञ्चालन हुने पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताए ।

उनले भने, 'चार दशकपछि हुन लागेको प्रतियोगितामा सबैको अपनत्व होस् भनेर हामीले ३६ वटा खेलको खेलस्थल सिफारिस गरेर पठाएका छौं । यसबारेमा राखेपले केही दिनमै निर्णय गर्ला । धेरैजसो खेल पोखरामै सञ्चालन हुने निश्चित छ ।' योगीका अनुसार प्रतियोगिता तयारीका लागि निर्माणाधीन खेल पूर्वाधार सम्पन्न गर्ने, भइरहेकाको स्तरोन्नति तथा प्रतियोगिताका लागि क्षमतावान् खेलाडीको खोजी, नयाँ खेलाडी उत्पादन र उनीहरूलाई प्रशिक्षण दिने गरी योजना निर्माण गरिएको छ । *रासस*

# मन्त्री श्रेष्ठले गरे बुद्धिचाल खेलाडीको बिदाइ




■ प्रभाव संवाददाता

**काठमाडौं–** ४४औं बुद्धिचाल ओलम्पियाडमा सहभागी हुने नेपाली टोलीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले सफलताको शुभकामना दिँदै बिदाइ गरेका छन् ।

भारतको चेन्नईमा यही साउन १२ देखि २४ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा सहभागी हुने बुद्धिचाल खेलाडी टोलीलाई मंगलबार आयोजित एक कार्यक्रममा मन्त्री श्रेष्ठले उच्च मनोबलका साथ सहभागी हुँदै विजय हासिल गर्नका लागि शुभकामना दिएका हुन् । सन् २००४ मा स्पेनमा सम्पन्न ३६औं बुद्धिचाल ओलम्पियाडदेखि लगातार सहभागी नेपालको पुरुष टोलीमा पुरुषोतम चौलागाईं, रूपेस जयसवाल, क्षितीज भण्डारी, विवेक थिङ र मिलन लामा रहेका छन् । धनबहादुर बोगटीले नेपाली टोलीको नेतृत्व गर्नेछन् ।

त्यसैगरी सन् २०१४ मा नर्वेमा सम्पन्न ४१औं बुद्धिचाल ओलम्पियाडबाट यात्रा थालनी गरेको नेपाली महिला टोलीमा सुजना लोहनी, कृतिसरा अधिकारी, अनिशा न्यौपाने, विनिता कपाली र शान्ति धिमाल छन् ।

महिला टोलीको जिम्मेवारी भने भुपेन्द्र निरौलाले पाएका छन् । टोली व्यवस्थापक रूपमा नेपाल बुद्धिचाल संघका महासचिव धरमबहादुर लामा रहेका छन् । संघका सचिवद्वय उमेश केसी र मोनालिशा खम्बु ४४औं बुद्धिचाल ओलम्पियाडमा आर्विटरका रूपमा सहभागी हुँदैछन् ।

त्यसैगरी यही साउन १५ देखि २४ गतेसम्म आयोजना हुने अन्तर्राष्ट्रिय बुद्धिचाल महासंघ (फिडे) को ९३औं फिडे कंग्रेसमा नेपालका तर्फबाट नेपाल बुद्धिचाल संघका अध्यक्ष विदुरप्रसाद गौतमले प्रतिनिधित्व गर्नेछन् ।

कंग्रेसले फिडेको नयाँ कार्यसमितिसमेत निर्वाचित गर्नेछ । कंग्रेसअन्तर्गत आयोजना हुने विभिन्न बैठकमा सहभागिताका लागि नेपाल बुद्धिचाल सङ्घका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद रिजाल, उपाध्यक्ष नारायणदास गमाल, कोषाध्यक्ष ज्ञानेन्द्र महर्जनसहितको टोली बुधबार चेन्नई प्रस्थान गर्नेछ ।

# बंगलादेशमा वार्षिक १४ हजार बालबालिकाको मृत्यु

**ढाका–** पानीमा डुबेर बंगलादेशमा एक वर्षमा १४ हजार बालबालिकाको मृत्यु हुने गरेको पाइएको छ । संयुक्त राष्ट्रसंघीय दुई मुख्य निकायले सार्वजनिक गरेको विवरणअनुसार बालबालिकाको मृत्यु हुने कारणमध्ये डुबेर मुत्यु हुनेको संख्या दोस्रो धेरै देखिएको छ । यो अवस्था पाँच वर्षभन्दा कम उमेरका बालबालिकामा देखिएको पनि अधिकारीले जनाएका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) र संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)ले विश्व डुबान रोकथाम दिवसका अवसरमा प्रेस वक्तव्य जारी गर्दै डुबानले पारेको असरसम्बन्धी विवरण सार्वजनिक गरेको हो । दुवै निकायले सरकार, विकास साझेदार, समुदाय र हरेक व्यक्तिले डुबानका कारण हुने क्षति न्यूनीकरणका लागि उच्च प्राथमिकताका साथ काम गर्न पनि आह्वान गरेका छन् ।

विशेष गरेर सचेतनामूलक कार्यक्रम र भौतिक संरचना निर्माणकार्य गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन् । 'बंगलादेशमा मात्रै पानीमा डुबेर हरेक वर्ष यति धेरै बालबालिकाको मृत्यु हुने गरेको छ भन्ने विवरण सुनाउनु पर्दा धेरै दुःख लागेको छ,' बंगलादेशका लागि युनिसेफका प्रतिनिधि शेल्डन यतले भने ।

पानीमा डुबेर विश्वभरि पछिल्लो समय हरेक वर्ष दुई लाख ३० हजारभन्दा बढीको मृत्यु हुने गरेको पनि उनले जानकारी दिए ।

पानीमा डुबेर मृत्यु भएका हरेक १० जनामध्ये नौ जना न्यून आय भएका देशका बालबालिका रहेका छन् । *रासस/सिन्ह्वा*

# अमेरिकामा करिब डेढ लाख बालबालिकामा कोरोना

**लस एञ्जलस–** अमेरिकामा कोरोना भाइरसको प्रकोप सुरु भएदेखि यता एक करोड ४० लाखभन्दा बढी बालबालिकालाई कोरोना संक्रमण भएको पाइएको छ । यहाँको अमेरिकन एकेडमी अफ पेडियाट्रिक्स (एएपी) र बाल अस्पताल संस्थाले सो कुराको जानकारी दिएको बताइएको छ ।

उक्त संस्थाहरूले गएको चार हप्तामा मात्र यहाँ कम्तीमा पनि तीन लाख ११ हजार जना बालबालिकामा कोभिडको संक्रमण भएको पाइएको छ । यहाँ सन् २०२२ मा मात्र अनुमानित ६१ लाख बालबालिकालाई कोभिडको संक्रमण भएको देखिएको एएपीले जनाएको छ ।

यहाँ उमेर समूहअनुसार कसलाई कुनरूपमा कोभिडको संक्रमण भयो र के-कस्तो असर गऱ्यो भन्ने विषयको अनुसन्धान आवश्यक रहेको देखिएको बताइएको छ । सोसम्बन्धी अनुसन्धानबाट बालबालिकामा देखिएको कोभिडको असरका साथै मानसिक तथा अन्य असर पत्ता लगाउनुपर्नेमा पनि सो संस्थाले जोड दिएको छ ।

कोभिडको संक्रमण सुरु भएपछि अमेरिकामा धेरै मानिसको मृत्यु भएको छ । यसको असर यहाँ बालबालिकामा पनि परेको स्वस्थ्य अधिकारीहरूको भनाइ छ । *रासस/सिन्ह्वा*

# श्रीलंकामा मास्क अनिवार्य गर्न सिफारिस

**कोलम्बो–** श्रीलंकामा घरबाहिर जाँदा मास्क अनिवार्य लगाउनुपर्ने व्यवस्था गर्न लागिएको छ । कोरोना भाइरसको महामारी फेरि बढ्न थालेपछि स्वास्थ्य अधिकारीले मास्क लगाउन अनिवार्य गर्नुपर्ने सिफारिस गरेका हुन् ।

भीडभाड भएका ठाउँमा जाँदा, सार्वजनिक सवारीसाधनमा यात्रा गर्दा मास्क लगाउनुपर्ने नियमलाई कडाइका साथ पालना गराउन पनि सिफारिस गरिएको छ ।

स्वास्थ्य सेवा महानिर्देशक असेला गुनावार्डेनाले नयाँ संक्रमितहरूको संख्या वृद्धि हुँदै गएकाले सतर्कता पनि बढाउनुपर्नेमा जोड दिए । विशेषगरी देशको पश्चिमी प्रान्तमा महामारी धेरै फैलिँदै गएको पनि उनले मंगलबार जानकारी दिए ।

महामारी सुरु भएदेखि नै मास्क अनिवार्य गरेको श्रीलंकाले गत जुनदेखि मास्क अनिवार्य गरिएको नियम हटाएको थियो । *रासस/सिन्ह्वा*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७३/०४/२५ मा दर्ता भएको **प्रा.लि.नं. १५३६२३** को **क्रिष्टल डिजिटल नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७३/०८/१२ मा दर्ता भएको **प्रा.लि.नं. १५९११७** को **मध्यपश्चिम कृषि उद्यम प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०७७/१२/१९ पुन विज्ञापन स्वीकृति मिति २०७९/04/10 LT. No. 238243 चलानी नं. ६०१५६५४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 56 | 20 | 2000 | ६९,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन १८ गते (3rd Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५१६/०६१/०६२

**ALPHA SIGMA OVERSEAS PVT. LTD.**
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :BREAK CAFE TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७९/०३/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/04/10 LT. No. 265646 चलानी नं. ६०१८०४९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Worker | 2 | 0 | 1000 | ३३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TITAN HEAVY LIFT COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०७९/०१/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/04/10 LT. No. 262147 चलानी नं. ६०१७८३७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor Architectural | 1 | 0 | 1000 | ३३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५०/०५६/५७

**HYHIRE INTERNATIONAL PVT. LTD.**
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :MUBARAK AL SALEH INTERNATIONAL SERVICE

पुर्व स्वीकृति मिति २०७८/१२/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/04/10 LT. No. 260572 चलानी नं. ६०१८०६७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 3 | 0 | 1000 | ३५,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 7 | 0 | 1000 | ३५,०७५ | | | | | | | |
| 3 | Supervisor | 2 | 0 | 5500 | १९२,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800, 9813622195
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RATIONAL TRADING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०७८/०७/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/04/10 LT. No. 249997 चलानी नं. ६०१६७३३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 5 | 0 | 1000 | ३५,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा साउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TROLLEY GENERAL TRADING CO.W.L.L

पूर्व स्वीकृति मिति :२०७८/१२/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/04/10 LT No.260188 चलानी नं. ६०१७६४४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 50 | 30 | 140 | ५८,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 4 | 0 | 95 | ३९,४८५ | | | | | | | |
| 3 | Inventory Controller | 11 | 0 | 170 | ७०,६५५ | | | | | | | |
| 4 | Sales Associate | 3 | 26 | 140 | ५८,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KATARA R C H D

पूर्व स्वीकृति मिति २०७८/०३/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/04/10 LT. No. 239880 चलानी नं. ६०१४५९४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Services | 5 | 3 | 1500 | ५२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन १८ गते (3rd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

**Leading Foreign Recruitment Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com



## कतारमा रोजगारको अवसर

**Mannai Trading Co. WLL** Qatar, Doha

पुर्व स्वीकृति मिति:२०२१/११/१७/पुन: विज्ञापन स्वीकृति मिति: २०२२/०७/२६ पत्र संख्या: ०७८/७९ चलानी नं.: ६०१६७८३१ LT No. 250916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Store Keeper | 06 | सम्बन्धित कामका दक्ष | 2200 | ७५७२४ | कं. नि. अनुसार | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | छैन | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Electric. Tech. | 03 | | 1400 | ४८१८८ | | | | | | | | |
| ३. | Machine Operator | 13 | | 2200 | ७५७२४ | | | | | | | | |
| ४. | Heavy Vehicle Driver | 03 | | 2200 | ७५७२४ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| निःशुल्क | कामदार आफै | दिने कं. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जाने अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसँग राख्नुहोला। (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: निःशुल्क**

**फाइनल अन्तर्वार्ता कम्पनीको कार्यालय तीनकुने काठमाडौंमा मिति २०७९ साउन १८ गते (Aug 03, 2022) हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोन: ४१११५६०, फ्याक्स: ४१११६२३ Email: ars@arabrecruiting.com
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी–बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ९४४०० | प्रति तोला - ९३९०० | प्रति तोला - ११५५ |

# नवीनतम उद्यमको प्रवर्द्धन गर्न सरकार तयार छ : मन्त्री बडू

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवीनतम उद्यम तथा स्टार्टअपलाई प्रवर्द्धन गर्न सरकार सधैं तयार रहेको उद्योग, बाणिज्य तथा आपूर्तिममन्त्री दीलेन्द्र बडुले बताएका छन् । स्टार्टअप सम्मेलन कन्फेरेन्स अन स्टाब्लिसिङ बिजनेस इन्कुबेटर्स-२०२२ को कार्यक्रममा उनले उद्यमशीलताको क्षेत्रमा दौडन सिक्ने र मुलुकको समृद्धिको संवाहक बनाउन सकिने अवधारणालाई सहयोग गद यस प्रयासमा सरकारका तर्फबाट सहकार्य गर्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले नेपालमा स्टार्टअपको सफलता दरलाई बढाउन इनक्युबेटर अत्यन्त आवश्यक रहेको बताए । उनले नेपालमा रोजगारी सिर्जना र समृद्धिको सपना पूरा गर्न उद्यमशीलता तथा स्टार्टअपको आवश्यकता रहेको समेत बताए । विश्वभर नै स्टार्टअपको सफलताको रेट निकै कम भएकाले, त्यसलाई बढाउन इनक्युबेटर अत्यन्त आवश्यक रहेको उनले बताए ।




अध्यक्ष गोल्छाले यसको स्थापनाको लागि राज्य, शैक्षिक संस्था तथा बिजनेसहरूको सहकार्य जरुरी रहेको बताए । नेपालमा स्टार्टअप इकोसिस्टम विकास तथा बलियो बनाउनलाई यसै वर्ष नेपाल उद्योग वाणिज्य महासंघले स्टार्टअप तथा इन्नोभेसन कमिटी स्थापना गरेको छ । यसअन्तर्गत महासंघले उद्यमशीलताको इकोसिस्टम सुदृढ गर्न ५० व्यवसाय ५० मेन्टर अभियानमार्फत साना तथा मझौला उद्यम तथा स्टार्टअपहरूलाई प्रवर्द्धन गर्दै आएको छ । बिजनेस इन्क्युबेटर स्थापनासम्बन्धी सम्मेलन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघको स्टार्टअप इन्नोभेसन कमिटी, पम नेदरल्याण्ड्स, इन्टरनेसनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभलपमेन्ट (इसिमोड) र अन्तरप्रेरणा प्रालिले संयुक्त रूपमा आयोजना गरेका हुन् ।

आगामी दिनहरूमा उद्यमशीलताको इकोसिस्टम विकासका लागि थप नयाँ ढोकाहरू खोलेको विश्वास आयोजकहरूको रहेको छ । इन्टरनेसनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभलपमेन्ट (इसिमोड) का रिजनल प्रोग्राम म्यानेजर नन्दकिशोर अग्रवाल, पम नेदरल्याण्ड्सका सीस स्कोनमेकर्स, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नारायणप्रसाद दुवाडी लगायत पनि उपस्थित थिए ।

स्टार्टअप नेसन २०३० को घोषणापत्र पनि सार्वजनिक गर्दै पम नेदरल्याण्ड्स र उद्योग वाणिज्य महासंघबीच समझदारीपत्रमा हस्ताक्षर समेत भएको छ ।

# नेप्सेमा भारी गिरावट

## ४५ अंकले परिसूचक बढ्दा पौने ४ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** मौद्रिक नीति सार्वजनिक भएपछि निरन्तर उकालो लागेको सेयर बजार मंगलबार उच्च अंकले गिरावट आएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा साताको तेस्रो दिन अर्थात् मंगलबार बजार परिसूचक नेप्से ४४ दशमलव ८० अंक (२ दशमल १० प्रतिशत) ले गिरावट आएको जनाएको छ ।

नेप्सेका अनुसार २ दशमलव १० प्रतिशतले गिरावट आई मंगलबार २०८८ दशमलव १६ अंकमा पुगेर बजार बन्द भएको छ । लगातार दुई दिन उच्च अंकले बढेको बजारमा मंगलबार नाफा बुक गर्न सेलिङ प्रेसर देखिएको सेयर दलालहरूको भनाइ रहेको छ ।

मंगलबार नेप्सेसँगै सबै उपसूचकमा गिरावट भएको छ । अन्य उपसूचक ३ दशमलव ५६ प्रतिशतले गिरावट हुँदा विकास बैंक उपसूचक २ दशमलव ९६ प्रतिशत, होटेल तथा पर्यटन र वित्त कम्पनी उपसूचक समान ० दशमलव ७७ प्रतिशतले घटेका छन् ।

सोमबारको तुलनमा मंगलबार कारोबार रकम केही घटेपनि ४ अर्ब पुगेको छ । मंगलबार बजारमा ८७ लाख ४० हजार ५५१ कित्ता सेयर किनबेच हुँदा ३ अर्ब ७० करोड ५० लाखको कारोबार भएको छ । कारोबार भएकामध्ये शिवम् सिमेन्टको सवार्धिक १९ करोड ३९ लाखको कारोबार भएको छ ।

अरुण कावेली पावरको १५ करोड ५७ लाखको कारोबार भएको छ । मंगलबार कारोबार अवधिभर नेप्सेमा १८१ कम्पनीको सेयर कारोबार भएकोमा १६५ कम्पनीको सेयरमूल्य घटेको छ । त्यस्तै १५ कम्पनीको सेयरमूल्य वृद्धि हुँदा १ कम्पनीको भने स्थिर छ ।

कारोबार भएकामध्ये मल्टिपर्पोस फाइनान्सको सेयरमूल्य ९ दशमलव ३२ प्रतिशतले वृद्धि हुँदा सूर्योदय वोमी लघुवित्तको ६ दशमलव ७२ प्रतिशत र युनाइटेड मोदी हाइड्रोपावरको सेयरमूल्य ६ दशमलव १९ प्रतिशतले बढेको नेप्सेले जनाएको छ । गणपति लघुवित्तको सेयरमूल्यमा ६ दशमलव ८२ प्रतिशतले गिरावट हुँदा रिभर्स फल्स हाइड्रोपावरको सेयरमूल्य ५ दशमलव ९९ प्रतिशतले गिरावट भएको छ ।

# आर्थिकरूपमा सक्षम बन्दै नेपाल एयरलाइन्स

**काठमाडौं (प्रस)–** आर्थिकरूपमा कमजोर अवस्थामा रहेको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले पछिल्लो समय आफूलाई सक्षम बनाउँदै लगेको छ ।

निगम व्यवस्थापनमा नयाँ नेतृत्व आउनेबित्तिकै ओभर ड्राफ्ट सीमाबाट गरिएको खर्च पूरै भुक्तानी गरिसकिएको छ । निगमले आवश्यक परेका बेला सो सीमाभित्र रहेर वित्तीय सुविधा लिन सक्ने अवस्था रहेको उल्लेख गरेको छ । निगम व्यवस्थापनका अनुसार अहिले निगमले रु तीन अर्ब २७ करोड जतिबेला पनि चलाउन सक्छ ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारी प्रवेश गर्दा रु ५८ करोड नगद मौज्दात भएकामा करिब रु दुई अर्बको नगद मौज्दात भई रु एक अर्ब ३५ करोड (कर्मचारी सञ्चय कोषलाई ९० करोड) ऋण भुक्तानी गरिएको छ ।

दुई वर्षसम्म निगमले ऋण तिर्न नसकेको अवस्थालाई चिर्दै हाल निगमको अवस्था निकै राम्रो अवस्थामा रहेको निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले बताउनुभयो । ओभर ड्राफ्ट रकम भुक्तानीले पाँच महिनाको अवधिको निगमलाई यसको ब्याज भुक्तानी गर्ने दायित्व बापतको रकमसमेत बचत हुन गएको छ । यो ब्याज भुक्तानीको दायित्व नरहँदा पनि आर्थिकरूपमा निगमलाई ठूलो राहत भएको छ ।

निगमले चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिना (साउनदेखि फागुन)सम्म रु आठ अर्ब ३८ करोड आम्दानी भएको जनाएको छ । यो अघिल्लो वर्षको तुलनामा ४७ प्रतिशतको वृद्धि हो । अघिल्लो वर्ष सोही अवधिमा आम्दानी रु पाँच अर्ब ७० करोड रहेको थियो ।

विविध कारणले बन्द वा स्थगित भएका निगमका अन्तर्राष्ट्रिय गन्तव्यको नियमित उडानहरू पुनः सञ्चालन भएका छन् । निगमका एक उच्च अधिकारीका अनुसार कात्तिकमा दिल्लीको दैनिक एक उडान भएकामा हाल दुई उडान भइरहेको छ । मुम्बईको बन्द रहेको उडान हाल सातामा तीन उडान भइरहेको छ । बैंगलौर, दोहा, दुबई, हङकङ, क्वालालम्पुर, बैंकक, नारिता र साउदी अरबमा उडान सफ्या बढाएर उडान भएका छन् ।

निगमले अन्तर्राष्ट्रिय ख्यातिप्राप्त विश्वका यात्रुतर्फ २१ र कार्गोतर्फ २४ वायुसेवाहरूसँग सम्झौता गरी निगमको साख र आम्दानीमा समेत सकारात्मक प्रभाव परेको छ । अन्य उडानका कनेक्टिङ उडानमा यात्रुहरूको आवश्यकतालाई ध्यानमा राखी निगमको उडानको सीमालाई व्यापक सुधार गरी अन्तर्राष्ट्रिय ख्यातिमा पनि वृद्धि गरिएको छ ।

## कर्पोरेट

### दुई अर्बको ऋणपत्र जारी गर्दै एभरेष्ट बैंक




**काठमाडौं (प्रस)–** एभरेष्ट बैंकले १० दशमलव ५ प्रतिशत ब्याजदरको ऋणपत्र जारी गर्ने भएको छ । बैंकले ६ वर्ष अवधिको ऋणपत्र साउन १८ गतेदेखि बिक्री गर्ने छ । साउन २२ गतेसम्म बिक्री गर्ने बैंकले ब्याज भने प्रत्येक तीन महिनामा भुक्तानी गर्ने छ । अंकित मूल्य १ हजार रूपैयाँ दरको ऋणपत्र खरिदका लागि कम्तिमा २५ कित्ताका लागि आवेदन दिनुपर्ने बैंकले जनाएको छ । बैंकले २ अर्ब रूपैयाँ बराबरको २ लाख कित्ता सेयर निष्कासन गर्न लागेको हो ।

### एनसिसी बैंकको नाफा ५२ प्रतिशतले बढ्यो




**काठमाडौं (प्रस)–** नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड (एनसिसी) अर्थात एनसिसी बैंकको खुद नाफा ५१ दशमलव ९८ प्रतिशतले वृद्धि भएको जनाएको छ । बैंकले गत आर्थिक वर्षको चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण प्रकाशित गरेको हो । विवरण अनुसार बैंकको खुद नाफा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य बढेको हो । गत आर्थिक वर्षको असार मसान्तसम्ममा बैंकले २ अर्ब २ करोड २२ लाख रूपैयाँ खुद नाफा कमाएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्ममा बैंकले १ अर्ब ३३ करोड ६ लाख रूपैयाँ मात्रै खुद नाफा कमाएको थियो । यस अवधिमा बैंकको खुद ब्याज आम्दानी ३१ द्यशमलव ९३ प्रतिशत बढेको छ भने खुद फि तथा कमिसन आम्दानी ५३ दशमलव ४५ प्रतिशत बढेको जनाएको छ ।

बैंकको कुल सञ्चालन आम्दानी २४ दशमलव ५८ प्रतिशत र सञ्चालन मुनाफा ३ दशमलव १७ प्रतिशत बढेको उल्लेख गरेको छ । असार मसान्तसम्ममा बैंकको वितरण योग्य मुनाफा १ अर्ब ४७ करोड ४२ लाख रूपैयाँ छ ।

### स्याकार ट्रेडिङ आधिकारिक ओइएम वितरक




**काठमाडौं (प्रस)–** स्याकार ट्रेडिङ कम्पनी प्रालिलाई टाटा ग्रीन ब्याट्रिजको टू व्हीलर्स ब्याट्रिजको होण्डा मोटरसाइकल तथा स्कुटर, होन्डा पावर प्रोडक्टस् र होन्डा मोटरर्स को निम्ति आधिकारिक वितरककोरूपमा नियुक्ति गरिएको छ । टाटा ग्रीन ब्याट्रिज, टाटा अटो कम्पनी जीवाई ब्याट्रिज प्रालिले उत्पादन गर्छ जो भारतको प्रमुख अटोमोटिभ र टूडब्लू ब्याट्री उत्पादक मध्ये एकमा पर्छ । स्याकार ट्रेडिङ कम्पनीका अध्यक्ष सौरभ ज्योतिले टाटा ग्रुप कम्पनीसँग हात मिलाउनु आफ्नो कम्पनीको इतिहासमा एउटा नयाँ चरण प्रवेश गरेको जिकिर गरे ।

### आइएमई पेबाट उडान टिकटमा अतिरिक्त २०० छुट

**काठमाडौं (प्रस)–** आइएमई ग्रुपद्वारा सञ्चालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' ले हवाई उडान टिकटमा साउन ४ गतेदेखि पुनःबोनस अफर ल्याएको छ । आइएमई पे एप प्रयोग गर्ने ग्राहक वा पहिलो पटक आइएमई पे एप बाट हवाइ उडान टिकट काट्ने ग्राहकहरूले आइएमई पे एप मार्फत हवाइ उडान टिकट काट्दा क्यास ब्याकको साथै अतिरिक्त २ सय रूपैयाँ बोनस प्राप्त गर्ने योजना सार्वजनिक गरेको जनाएको छ । पहिलोपटक आइएमई पे एप प्रयोग गर्ने ग्राहकहरू वा पहिलो पटक आइएमई पे एपबाट हवाइ उडान टिकट काट्ने ग्राहकहरू मात्र यो योजनामा सहभागी हुन पाउने समेत जनाएको छ ।




**विज्ञापन आचारसंहिताको पालना गरौं ।**

विज्ञापन आचारसंहिताले

- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापन कारोबार गर्ने व्यवस्था गरेको छ ।
- विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम र विज्ञापन एजेन्सी विज्ञापन बोर्डमा सूचीकरण गरौं ।

विज्ञापन व्यवावसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गाबहादुर लिम्बु, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ